दक्षिण कोरियाका अनुसन्धानकर्ताद्वारा युनलाई पक्राउ... पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ •अंक २२२ • २०८१ साल पुस २३ गते मंगलबार (7 January, Tuesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## प्रहरीले दुर्व्यवहार गरेको भन्दै सुनचाँदी व्यवसायीद्वारा विरोध



**टुडे समाचारदाता**

जनकपुरधाम । सुनचाँदी व्यवसायीहरुले स्थानीय प्रहरी प्रशासनविरुद्धमा पसल बन्द गरेर आन्दोलनमा उत्रेका छन् ।

जनकपुरधाममा सोमबार सुनचाँदी व्यवसायी संघले प्रहरीले दुईजनालाई प्रक्राउ गरेको विरुद्धमा सुनचाँदी पसलहरु बन्द गरेका हुन् ।

सुनचाँदी पसलमा कार्यरत रहेका दुईजना कर्मचारीलाई पक्राउ गरेको विरोधमा सुनचाँदी व्यवसायीहरु आन्दोलित भएका छन् ।

सबै प्रक्रिया पूरा गरेर आफूहरुले सामान बेचे पनि प्रहरी प्रशासनले दुःख दिने गरेको भन्दै सुनचाँदी व्यवसायीले पसल बन्द गरेर आन्दोलनमा उत्रनुपरेको सुनचाँदी व्यवसायी संघका उपाध्यक्ष राजीव कुमार चन्दनले जानकारी दिए ।

एक महिना अघि एक ग्राहकले महालक्ष्मी ज्वेलर्स र अमरनाथ गुप्ताको जेवर ज्वेलर्सबाट बिलसहित करिब ९ लाख मूल्य बराबरको साढे ६ तोला सुन बिक्री गरेको कार्यरत चन्दनले बताए ।

त्यसपछि अपराध अनुसन्धान महाशाखामा सो सुनको गरगहनासहितको सामान चोरीको रहेको भन्दै उजुरी परे पछि प्रहरीले सोधपुछका लागि महालक्ष्मी ज्वेलर्समा कार्यरत गुरुदयाल ठाकुर र जेवर ज्वेलर्समा कार्यरत सुभाष साहलाई पक्राउ गरेको छ ।

महाशाखाको टोलीले सोमबार ती दुबै जनालाई पक्राउ गरेर अनुसन्धानका लागि काठमाण्डु लगिएको उनले बताए ।

आन्दोलनरत सुनचाँदी व्यवसायीहरुले पक्राउ परेका दुबै जनालाई तुरुन्त रिहाइ गर्न मागसमेत गरेका छन् ।

उपाध्यक्ष चन्दनले बिलसहितको सुन व्यवसायीले बिक्री गरे पनि प्रहरीले चोर झैं पक्राउ गरी सुनचाँदी व्यवसायीमाथि आरोप लगाउनु दुर्भाग्य रहेको बताउँदै उनले बिना सर्त पक्राउ परेकालाई ससम्मान रिहाई गर्न माग गरे ।

### मधेश प्रदेशको सचिवसहित ६ माथि मुद्दा

# कृषिमा भ्रष्टाचारको सीमा पार गरेका शंकर साहसहित सबै निलम्बनमा

८

**टुडे समाचारदाता**

जनकपुरधाम ।मधेस प्रदेशको कृषि तथा सहकारी मन्त्रालयका तत्कालीन सचिव डा.नम्रता सिंहसहित ६ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।

तत्कालीन वरिष्ठ कृषि अर्थविज्ञ तथा कृषि ज्ञान केन्द्र धनुषाका तत्कालीन कार्यालय प्रमुख शंकर प्रसाद साह, कृषि प्रसार अधिकृत अमर चन्द्र मण्डल, युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि का सञ्चालक तथा अध्यक्ष लक्ष्मी नारायण यादव, मन्त्रालयका तत्कालीन पशु चिकित्सक रञ्जित कुमार अधिकारी, कृषि प्रसार अधिकृत अविनाश कुमार झा र कृषि विकास निर्देशनालय, धनुषाका तत्कालीन कृषि अर्थविज्ञ विकास कुमार साह समेत ६ जनाविरुद्ध अख्तियारले सोमवार भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश जनकपुरधामका खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखाका प्रमुख एवं कृषि ज्ञान केन्द्र, धनुषाका प्रमुख वरिष्ठ कृषि अर्थविज्ञ साहले सहकार्य प्रस्तावमा आधारित कृषि, पशुपक्षी तथा मत्स्य विकास कार्यक्रमको रकममा व्यापक भ्रष्टाचार गरेको, नक्कली बिल भरपाईको आधारमा भुक्तानी दिएको र स्पेसिफिकेसन अनुसारको सामान खरिद नगरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा भ्रष्टाचार भएको पाइएको प्रवक्ता नरहरि घिमिरेले जनाएका छन् । आ.व. २०७९/०८० मा मन्त्रालयले प्रतिस्पर्धामा नै नरहेको संस्थालाई मिति सकिए पनि सूचीकृत गरी बजेट दिएको अभियोग पत्रमा उल्लेख छ ।



डा.नम्रता सिंह



शंकर प्रसाद साह

सचिव डा.सिंह, ज्ञान केन्द्र प्रमुख शंकर साह समेत ५ जनाविरुद्ध जनही १ करोड बिगो दावी मागगर्दै अख्तियारले सोही बमोजिमको सजाय समेत फिराद पत्रमा माग गरेको छ ।

कृषि ज्ञान केन्द्र धनुषाबाट वितरण गरिएको कृषि उपकरण खरिद र अनुदानमा भारी अनियमितता गरेको आरोप पनि साहमाथि लागेको थियो ।उनले मनपरी ढंगले कृषि उपकरणहरु खरिदगरी व्यापक अनियमितता गरेको गुनासो किसानहरुले पनि गरेका थिए ।

साहले कृषि मन्त्रालयमा सचिव सिंहसित मिलेर भ्रष्टाचारको नेटवर्क नै चलाएको आरोप लागेको थियो । तत्कालीन सचिव सिंहले साहलाई कयौं जिम्मेवारी समेत तोकेकी थिइन् ।मधेश प्रदेशको कृषि मन्त्रालयको तत्कालीन मन्त्री शैलेन्द्र साहलाई विभाग परिवर्तन गरी अर्थ मन्त्रालयमा लगिएको थियो ।अर्थमन्त्री रहेका विजय यादवलाई कृषि मन्त्रालयको जिम्मेवारी दिएको थियो ।

तर सचिव सिंह र साहको भ्रष्टाचार गर्ने तालमेल बिग्रेन् ।तत्कालीन कृषि विज्ञ प्रमुख शंकर साहले कृषि उपकरण खरिद गर्ने पसलमा समान खरिद भन्दा कुपन बढी पठाएर नगर्दै भुक्तानी लिने गरेका थिए ।तत्कालीन समयमा किसानले राहत नपाए पनि प्रमुख साह र सचिव सिंहले करोडौ कमाएको चर्चा अझै सेलाएको छैन् । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशमा सहकार्य प्रस्तावमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको लागि वरिष्ठ कृषि अर्थविज्ञको संयोजकत्वमा गठन भएको प्रस्ताव छनौट समितिले कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, महोत्तरीबाट प्राप्त प्रस्तावहरूको सूची बनाउने गरी २०७९सालको पुस ५ गते नै निर्णय भएको थियो ।

निर्धारित समय भित्र प्रस्ताव पेस नगर्ने कुनै पनि फर्म, कम्पनी वा व्यक्ति मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सहकार्य प्रस्तावमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको लागि सहभागी हुन नपाउने कानुनी प्रावधान रहेको सूचनामा उल्लेख गरिएको थियो ।

सूचीमा समावेश हुन नसकेको, निर्धारित समयमा प्रक्रियामा संलग्न नै नरहेको महोत्तरी जिल्लाको औरही नगरपालिका वडा नम्बर ३ को युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लिलाई सहभागी गराउनु भनी तोक आदेश गर्ने, प्रस्तावहरूको सूचीमा समावेश गर्नै नमिल्ने उक्त फार्मलाई सूचीमा समावेश गर्ने भनी समितिबाट निर्णय गर्ने काम भएको अख्तियारले ठहर गरेको छ ।

मन्त्रालयका बिभिन्न फाँटका प्रमुखहरु आपसमा मिलेमतो गरी युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि.को एकमात्र प्रस्तावको लागि मिति २०७९ सालको माघ १० गते पुनः बैठक बसी म्यादपछि आएको सो प्रस्तावलाई समेत प्रारम्भिक सूचीमा समावेश गर्ने गरी छनोट गरेको पाइएको अख्तियारले दायर गरेको अभियोग पत्रमा उल्लेख छ ।







# वाणेश्वर महादेव मन्दिर परिसरमा ६५० वर्ष पुरानो भग्नावशेष फेला

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौर नगरपालिका वडा नं. २ स्थित वाणेश्वर महादेव मन्दिर परिसरमा करिब ६५० वर्ष पुराना संरचनाको भग्नावशेष उत्खनन्का क्रममा फेला परेको छ । पुरातत्व विभागका विज्ञहरूले १३ दिनको निरन्तर उत्खननूपछि यी ऐतिहासिक सामग्रीहरू पत्ता लगाएका हुन् ।



नगरप्रमुख शम्भु साहको पहलमा भएको यो उत्खननले गौर क्षेत्रको ऐतिहासिक र धार्मिक महत्व उजागर गरेको छ । सिम्रौनगढ साम्राज्यको समयमा निर्माण भएको २८ सेमी लम्बाइ, ३० सेमी चौडाइ र ६ सेमी बाक्लो इटाले बनेको गारो, माटोका पुतला, घोडाको मुकुट जस्ता सामग्री उत्खननको क्रममा फेला परेका छन् ।

गौर नगरपालिकाका नगरप्रमुख साहले गौरको पुराना मन्दिरहरू–जस्तै वाणेश्वर महादेव, शिवालय र सोवर्णामाई मन्दिर– ऐतिहासिक महत्व बोकेको बताएका छन् । उनले यस उत्खननूले धार्मिक पर्यटनको सम्भावना बढाउने विश्वास व्यक्त गरे ।

पुरातत्वविद् देबेन्द्र तिवारीका अनुसार चार फिट गहिरो खन्दा भेटिएको गारो सिम्रौनगढ साम्राज्यकालीन भएको पुष्टि भएको छ । मन्दिरको पछाडिको भागदेखि दक्षिणतर्फ र पूर्वतर्फ गरिएको उत्खननमा धेरै महत्वपूर्ण अवशेषहरू फेला परेका छन् ।

वडा अध्यक्ष शिवशंकर यादवले यस उत्खननूले गौर नगरको धार्मिक पर्यटनमा महत्वपूर्ण टेवा पुऱ्याउने विश्वास व्यक्त गरे । हाल उत्खनन कार्य जारी रहेको र यसले गौरको ऐतिहासिक पहिचानलाई अझ प्रस्ट्याउने अपेक्षा गरिएको छ ।

# पाइपलाइनबाट पेट्रोल आयात तयारी

**टुडे समाचारदाता**

बीरगञ्ज । नेपालमा पहिलो पटक पाइपलाइनबाट पेट्रोल र मट्टीतेल आयात तयारी भइरहेको छ ।

भारत मोतिहारीबाट नेपालको बारा अमलेखगञ्जसम्म पाइपलाइनबाट पेट्रोल र मट्टीतेल आयात गर्न आवश्यक संरचना निर्माण सम्पन्न भई अहिले विभिन्न चरणमा परीक्षणको काम जारी रहेको छ ।

'पेट्रोल र मट्टीतेल आयात गर्न आवश्यक संरचना निर्माणको काम सकियो,' नेपाल आयल निगमका कार्यकारी निर्देशक चण्डिका भट्टले भने, 'अब यो प्रणालीबाट यी पदार्थ आयात गरी आन्तरिक बजारमा ढुवानीका लागि आवश्यक परीक्षणको काम जारी छ ।'

यसरी परीक्षणको काम पूरा भएपछि औपचारिक रूपमा आयात सुरु गरिने र त्यसले प्रतिलिटर पेट्रोलमा औसत साढे २ रुपैयाँ बराबर ढुवानी खर्च घटाउने उनले जानकारी दिए ।

नेपालमा आयात हुने कुल पेट्रोलियम पदार्थमध्ये यस नाकामार्फत ६० देखि ७० प्रतिशत पेट्रोल र डिजेल आयात हुने गरेको तथ्यांक निगमको छ ।

२५ भदौ २०७६ देखि पाइपलाइनबाटै डिजेल आयात भइरहेको छ । यो परियोजनाको दोस्रो चरण अन्तर्गत पेट्रोल र मट्टीतेल आयातका लागि संरचना बनाइएको हो । परीक्षण सिलसिलामा पाइपलाइनबाट आएको पेट्रोल ट्यांकरमा लोड गर्ने, सेक्युरिटी लकिङ सिस्टम राख्ने सहित परीक्षण भइरहेका छन् ।



आर्थिक वर्ष २०८१/८२ को पहिलो पाँच महिना (मंसिर मसान्तसम्म) मा नेपालले कुल ४ लाख ७२ हजार ८ सय ७ किलोलिटर डिजेल र ३ लाख ६ हजार २ सय २९ किलोलिटर पेट्रोल आयात गरेको छ । यो देशभरिका नाकाबाट नेपाल भित्रिएकोपेट्रोलियमपदार्थकोकुल परिमाण हो । अमलेखगञ्जभन्दा बाहेकका नाकाबाट भने सबै प्रकारको पेट्रोलियम पदार्थ ट्यांकरमै आयात हुने गरेको छ ।

पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात गर्दा मुलुकलाई एकसाथ धेरै पक्षमा लाभ हुने निगमका कार्यकारी निर्देशक भट्ट बताउँछन् ।

'एक त ढुवानी खर्च कटौती हुँदा उपभोक्ता मूल्य नै साढे २ रुपैयाँसम्म सस्तो पर्छ,' उनी भन्छन्, 'चुहावट रोकिने, अनियमितताको सम्भावना नहुने र वातावरणीय प्रभाव कम हुने विषयले मुलुकलाई धेरै फाइदा हुन्छ ।'

अर्कातर्फ, मुलुकलाई अकस्मात धेरै पेट्रोलियम पदार्थ आयात पर्दा समेत पाइपलाइनबाट ल्याउन सहज हुनेछ । अहिले जडित पाइपलाइनबाट प्रतिघण्टा २ लाखदेखि ३ लाख लिटरसम्म पेट्रोल आयात गर्न सकिन्छ । भारतमा एक ट्यांकर पठाएर काठमाडौंसम्म तेल आयात गर्न भने कम्तीमा तीन दिन लाग्ने गरेको निगमको भनाइ छ ।

समग्रमा पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात र वितरण व्यवस्थित भई उपभोक्तालाई सहज सेवा उपलब्ध हुने कार्यकारी निर्देशक भट्ट बताउँछन् ।

संरचना बनिसकेपछि परीक्षणका सिलसिलामा भने यसअघि नै पेट्रोल र मट्टीतेल आयात भइसकेको छ । पाइपलाइन परीक्षणका सिलसिलामा ५ हजार ५ सय किलोलिटर पेट्रोल र १ हजार किलोलिटर मट्टीतेल ल्याइएको छ ।

पाइपलाइन विस्तार परियोजना अन्तर्गत इन्डियन आयल कर्पोरेसन (आईओसी) को सहयोगमा अमलेखगञ्जस्थित डिपोमा ४ हजार १ सय किलोलिटर क्षमताका दुई पेट्रोल ट्यांक, २ सय ५ किलोलिटर क्षमताका दुई ट्रान्समिक्स ट्यांक, पेट्रोल ढुवानी गर्न पूर्ण स्वचालित लोडिङ वे-रिफिलर, पम्प हाउस तथा प्रयोगशाला बनाइएको छ ।

नेपाल-भारत पेट्रोलियम पाइपलाइन दक्षिण एसियाकै पहिलो अन्तरदेशीय पाइप लाइन हो । अमलेखगञ्जमा पेट्रोल भण्डारण क्षमता कम हुँदा यसअघि डिजेलमात्र आयात भइरहेको थियो । यहाँ एउटै पाइपलाइनबाट सबै पेट्रोलियम पदार्थ आयात हुनेछ ।

यो पाइपलाइनको लम्बाइ ६९.२ किलोमिटर छ । अमलेखगञ्जमा डिजेल भण्डार क्षमता भने १८ हजार किलोलिटर छ । पाइपलाइनबाट आएको पेट्रोलियम पदार्थ भण्डार स्थलमा राख्ने र आवश्यक प्रक्रिया पूरा गरी ट्यांकर मार्फत अन्यत्र पठाउने गरिन्छ । पछिल्लो समय पेट्रोल भण्डारणका लागि बनाइएका संरचनामा १ अर्ब २८ करोड भारुभन्दा बढी लागत लागेको अनुमान छ ।

# संवादका लागि तमलोपा र जनमतको कार्यदल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश केन्द्रित दलहरु आपसमा संवाद र सहकार्य गर्न छलफलमा व्यस्त छन् । यी पार्टीहरुका नेताहरुबीच विमर्श र बैठकहरु सुरु भएका छन् ।

तमलोपाले यस प्रयोजनको लागि गत वर्ष साउन २४ गते अन्तर पार्टी संवाद र विचार मिल्ने पार्टीहरुसंग सहकार्यको वातावरण बनाउन कार्यदल गठन गरिसकेको हो ।

तमलोपाका प्रचार विभाग प्रमुख उमेश कुमार मण्डलले तमलोपाको वरिष्ठ नेता डा. विजय कुमार सिंहको संयोजकत्वमा गठन भएको रविशंकर लाल कर्ण(सुभाष) तथा बिभा ठाकुर रहेको सो कार्यदल नै संवाद र सहकार्यको निमित्त हुने विमर्शमा पार्टीको प्रतिनिधित्व गर्ने बताएका छन् ।

तमलोपा, जनता प्रगतिशील पार्टी र जनमतको बीचमा सहकार्य गर्ने सहमति रहेको र हाल तमलोपा, मधेशी राष्ट्रिय मुक्ति मोर्चा, नेपाल सद्भावना पार्टी, जन अधिकार पार्टी तथा एकीकृत समाजवादी पार्टीका जनकपुरधामका नेताहरु सम्मिलित संयुक्त मधेश संघर्ष समिति गठन गरी संविधान संशोधनको नाममा समानुपातिक प्रतिनिधित्व हटाउने, थ्रेस होल्ड बढाउने, राष्ट्रियसभाको स्वरुप बदल्ने षडयन्त्र भइरहेकोमा धनुषा, महोत्तरी, सिरहामा खबरदारी सभाहरु गरेको र अन्य जिल्लाहरुमा समेत यस्तै खबरदारीसभाहरु आयोजित गर्ने तयारी भइरहेको मण्डलले बताए ।

यस्तै जनमत पार्टीले मधेश केन्द्रित दलहरुबीच मोर्चाबन्दी गर्न दुई सदस्यीय कार्यदल गठन गरेको छ । कार्यदलमा पार्टीका केन्द्रीय उपाध्यक्ष अब्दुल खान र प्रवक्ता डा शरदसिंह यादव रहेका छन् ।

मधेश केन्द्रित दलहरुबीच संवाद र सहकार्यको पहल गर्न उक्त कार्यदल गठन गरिएको सो पार्टीले विज्ञप्तिमार्फत उल्लेख गरेको छ । पार्टीको केन्द्रीय सचिवालय समितिको निर्णयानुसार मधेश केन्द्रित दलहरुबीच मोर्चाबन्दीका लागि कार्यदलको जिम्मेवारी तोकिएको हो । पछिल्लो समय संविधान संशोधनको विषयवस्तु उठिरहेको सन्दर्भमा मधेश केन्द्रित दलहरुको साझा धारणा बनाउने क्रममा सहमतिको पहलका लागि कार्यदल गठन गरिएको सो पार्टीले जनाएको छ ।

यसअघि आइतबार लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले कार्यगत एकता एवं राजनीतिक मुद्दा र सिद्धान्त मिल्नेहरुसँग पार्टी एकीकरणका लागि समिति गठन गरेको थियो ।

# कृषक सशक्तिकरण कार्यक्रम मार्फत् दिगो कृषिको प्रवर्द्धन गर्दै एनडीपीएल

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल - नेपाल डिस्टिलरीज प्रा. लि.( एनडीपीएल)ले किसानहरूलाई उत्पादकत्व र लचिलोपन सुधार गर्न दिगो कृषि प्रविधिहरूको ज्ञानको विकास गर्ने उद्देश्यले विराटनगर र सर्लाहीको लालवन्दीमा क्षमता अभिवृद्धि तालिम कार्यक्रम सम्पन्न गरेको छ ।



विराटनगरमा सञ्चालित कार्यक्रममा कोशी प्रदेशका मुख्यमन्त्री, मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी,कोशी प्रदेश योजना आयोगका सदस्य,विराटनगर महानगरपालिकाका मेयरलगायत स्थानीय नेता तथा विशिष्ट व्यक्तित्वहरुको उपस्थिति भएको थियो । त्यसै गरी लालवन्दीमा भएको कार्यक्रममा लालवन्दी नगरपालिकाका मेयरलगायत स्थानीय नेता तथा विशिष्ट व्यक्तित्वहरुको उपस्थिति भएको थियो ।

> त्यसै गरी लालवन्दीमा भएको कार्यक्रममा लालवन्दी नगरपालिकाका मेयरलगायत स्थानीय नेता तथा विशिष्ट व्यक्तित्वहरुको उपस्थिति भएको थियो ।

कार्यक्रममा सहभागीहरुले स्थानीय कृषकहरूका समस्या तथा चुनौतीहरू सामना गर्न आवश्यक सहयोग एवं यस प्रकारका क्षमता अभिवृद्धि तालिम प्रभावकारी हुनेतर्फ जोड दिएका थिए। उपस्थित प्रमुख व्यक्तित्वहरुले एनडीपीएलले गरेको पहलहरूको मुक्तकण्ठले प्रशंसा गरेका थिए। कार्यक्रमलाई किसानहरूले आफ्नो कृषि प्रविधिलाई सुधार गर्ने अवसरको रूपमा लिँदै सक्रिय रूपमा सहभागिता जनाएका थिए।

तालिममा सहभागी ८० जना कृषकहरूलाई कृषि उत्पादकत्व र लचिलोपन सुधार गर्न आवश्यक सीप र ज्ञान हासिल गर्ने अपेक्षा राखिएको छ ।

यस कार्यक्रमले दिगो खाद्य उत्पादन प्रणाली र लचिलो कृषि प्रविधिहरूमा जोड दिँदै किसानहरूलाई वातावरणीय रूपमा स्वस्थ र जलवायुमैत्री अभ्यासहरू अपनाउन सशक्त बनाएको थियो। यस पहलले एनडीपीएलको स्थानीय समुदायहरूसँगको सम्बन्धलाई अझ सुदृढ बनाउन र दिगो विकासप्रतिको प्रतिबद्धताबारे चेतना बढाउन भूमिका खेल्ने विश्वास गरिएको छ ।

# अमेरिकी डलरको मूल्य स्थिर अन्य विदेशी मुद्रामा घटबढ

काठमाण्डु । नेपाल राष्ट्र बैंकले सोमबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ ।

केन्द्रीय बैंकले तोकेको विनिमयदर अनुसार, अमेरिकी डलरलगायत केही विदेशी मुद्राको मूल्य सोमबार स्थिर रहेको छ । युरोपियन युरो, युके पाउन्ड स्टर्लिङ, स्वीस फ्र्याङ्क, डेनिस क्रोनर, ओमनी रियालको भाउ बढेको छ । त्यसैगरी क्यानेडियन डलर, सिङ्गापुर डलर, थाई भाट, बहराइन दिनारको भाउ भने घटेको छ ।

अमेरिकी डलर एकको खरिददर एक सय ३६ रुपैयाँ ९४ पैसा र बिक्रीदर एक सय ३७ रुपैयाँ ५४ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिददर एक सय ४१ रुपैयाँ १७ पैसा र बिक्रीदर एक सय ४१ रुपैयाँ ७९ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर एक सय ७० रुपैयाँ १० पैसा, बिक्रीदर एक सय ७० रुपैयाँ ८५ पैसा , स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५० रुपैयाँ ७६ पैसा र बिक्रीदर एक सय ५१ रुपैयाँ ४२ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८५ रुपैयाँ ०९ पैसा र बिक्रीदर ८५ रुपैयाँ ४७ पैसा, क्यानेडियन डलर एकको खरिददर ९४ रुपैयाँ ७८ पैसा र बिक्रीदर ९५ रुपैयाँ २० पैसा, सिङ्गापुर डलर एकको खरिददर ९९ रुपैयाँ ९५ पैसा र बिक्रीदर एक सय रुपैयाँ ३९ पैसा निर्धारण गरिएको छ ।रासस

# परोहामा चुल्होसहितको ग्यास सिलिन्डर वितरण



**दिलीप पाण्डेय**

रौतहट।परोहा नगरपालिकाले लक्षित महिला वातारण धुवाँमुक्त अभियान अन्तर्गत सोमवार ग्यास चुल्होसहित ग्यास सिलिन्डर वितरण गरेको छ । आठौं नगरसभाबाट पारित नीति कार्यक्रम अनुसार प्रत्येक घरपरिवारलाई ग्यास चुल्हो सेट वितरण गर्ने कार्यक्रम अन्तर्गत चुल्होसहितको सिलिन्डर वितरण गरिएको हो ।

परोहा नगरपालिका वडा न. ४ देखि ९ सम्ममा ग्यास चुल्होसहित ग्यास सिलिन्डर वितरण गरेका छन्। नगरप्रमुख शेख वकिलले चुल्होसहितको सिलिन्डर वितरण गरेका छन् । परोहा नगरपालिका वडा नम्बर ४ देखि ९ सम्मका जनतालाई लगभग दश हजार स्थानीयलाई चुल्होसहितको ग्यास सिलिन्डर वितरण गरिएको छ ।

दाउरा, कोइला, गुइँठा जस्ता परम्परागत इन्धनमा आत्मनिर्भर ग्रामीण क्षेत्रका घरपरिवारसम्म एल.पी जी ग्यास जस्ता सफा खाना पकाउने इन्धनको पहुँच विस्तार गर्ने उद्देश्यले यो कार्यक्रम ल्याइएको मेयर वकिलले बताए ।

ग्यास सिलिन्डिर वितरण आर्थिक रुपमा विपन्न परिवार लाभान्बित हुने विश्वास व्यक्त गर्दै माटोको चुल्हो र दाउराले खाना पकाउने खासगरी महिला दिदी-बहिनीहरुको स्वास्थमा हुने खराबी रोक्न ग्यास चुल्होबाट सहयोग हुने,समयको बचत हुने, महिलाको आत्मसम्मान बढ्ने र विभिन्न स्वास्थ्य समस्याबाट बचाउने हुनाले आफूले आवश्यक ठानी यो अभियान सञ्चालनमा ल्याएको मेयर वकिलले बताए । यो भन्दा अगाडि वडा न.१ देखि ३ सम्मका जनताहरुलाई ग्यास सिलिन्डर वितरण भइसकेको उनले बताए ।

पालिकाले दिएको ग्यास सिलिन्डिर लिदै स्थानीयले भने वर्षौदेखि दाउरा र रुखको पात उपयोग गर्दै खाना र खाजा बनाउन विवश थिए । जसका धुवाँ-धुलोले गर्दा विभिन्न रोगबाट ग्रसित भई पीडित छन् । जनताको पीडालाई सम्बोधन गर्न मेयर शेख वकिलले स्थानीयप्रती देखाएको हार्दिकताको जति सराहना गरेपनि कम हुने प्रतिक्रिया दिए ।

रौ घरपरिवारलाई ग्यास सिलिन्डर, चुल्हो, रेगुलेटर, पाइप र ग्यास लाइटर दिइएको नगर प्रमुख वकिलले बताएका छन् । ग्यास चुल्हो वितरण क्रममा निर्वाचित वडाध्यक्षहरु, ई.दिपेन्द्र यादव, नगरपालिकाको कर्मचारी, सहायक लेखापाल साहीद,स्थानीय भलादमीहरुको सहभागिता रहेको थियो ।

**विमालेख हरायो**

मेरो निम्न ब्यहोरा भएको हिमालयन लाइफ इन्स्योरेन्स लि.को विमा लेख मिति २०८१/०८/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : कुशमा कुमारी देवी**
**विमालेख नं.: PLI१४१०००७०४०**
**ठेगाना: बलवा न.पा.-३, परौल, महोत्तरी**
**मो.नं. ९८२५८०८८१५**

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

मेष : दिन राम्रो छ । सोचेका काम बन्नेछन् ।
वृष :प्रतिकार गरेर बोल्ने बानीले अप्ठेरो परिस्थितिको हुन सक्छ ।
मिथुन : साना कुराले मन अशान्त बन्नेछ ।
कर्कट : राज्यको सेवामा भए महत्त्वपूर्ण काम बन्नेछ ।
सिंह :साथीभाइलेसचेत भएर काम गर्नुपर्नेछ ।
कन्या : साथीभाइ र आफन्तको साथ मिल्नेछ ।
तुला : अनुत्पादक क्षेत्रमा खर्च बढ्नेछ ।
वृश्चिक : आम्दानीका दृष्टिले दिन राम्रो छ ।
धनु : दिन राम्रो छ । साथीको साथ र प्रशंसा प्राप्त गर्ने योग छ
मकर : तपाईंले कला र गलाको प्रदर्शन गर्ने दिन हो ।
कुम्भ : साना कुराले मनमा झन्झट थप्नेछ ।
मीन : साथीले सकारात्मक व्यवहार देखाएकाले तपाईंलाई हुने

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
**जनकपुरधाम ०४१**

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



शुक्लाफाँटा नगरपालिका वडा नं. २ र ३ जोड्ने सनवोरा नदी माथिको झोलुङ्गे पुल र सोमबार बिहान देखिएको सूर्योदयको दृश्य। *तस्विर : रासस*

# बिपी उद्यानको अतिक्रमित जग्गामा बनेका संरचना हटाउन सुरु



वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले यहाँस्थित घण्टाघरचोकसँगै रहेको बिपी उद्यानको अतिक्रमण गरेर बनाएका अस्थायी घर-टहरा हटाउन थालेको छ । महानगरले दुई पटक सार्वजनिक सूचना जारी गरेर उद्यानमा रहेका अस्थायी घर-टहरा, तरकारी तथा फलफूलको बजार हटाउनको लागि तोकेता गर्दा पनि नहटाएपछि आइतबारदेखि डोजर लगाएरस्थान खाली गराउन थालेको हो ।

वीरगञ्ज महानगरपालिका, नगर प्रहरी प्रमुख हरि भुसालले दुई पटकसम्म सार्वजनिक सूचना जारी गराउँदा पनि हटाउन आलटाल गरेपछि डोजर लगाएर करिब ४० अस्थायी घरटहरा खाली गराएको जानकारी दिनुभयो ।

“हामीले आइतबारदेखि अतिक्रमणमा परेको बिपी उद्यान खाली गर्न थालेका छौँ,'' उहाँले भन्नुभयो,“यो अभियान सबै अतिक्रमणमा परेको ठाउँ खाली नगरेसम्म रोकिँदैन ।''

महानगरका अनुसार बिपी उद्यानमा अस्थायी घरटहरा, तरकारी, फलफूल तथा कपडा पसल, तथा विभिन्न खानाका स्टल गरी करिब दुई सय ५० भन्दा धेरै अस्थायी रुपमा सञ्चालनमा रहेका छन् ।

नगर प्रहरी प्रमुख भुसालले महानगरले उपयुक्त विकल्प दिएर बिपी उद्यान खाली गर्न लागेको जानकारी दिनुभयो । “ यहाँ तरकारी तथा फलफूल व्यापार गर्दै आइरहेका व्यापारीलाई वडा नं १६ नगरवास्थित कृषि बजार राख्ने व्यवस्था गरेका छौँ,'' उहाँले भन्नुभयो,“यहाँ पसल गर्नेको ९० प्रतिशतभन्दा धेरै वीरगञ्ज घर रहेका छन् । अन्य केही भने भारतीय नागरिकले सञ्चालन गरेका छन् ।'' नगरप्रमुख भुसालले अतिक्रमण गरेको ठाउँलाई खाली गरेर आकर्षक खालको पार्क अघि बढाउने बताउनुभयो ।

> महानगरका अनुसार बिपी उद्यानमा अस्थायी घरटहरा, तरकारी, फलफूल तथा कपडा पसल, तथा विभिन्न खानाका स्टल गरी करिब दुई सय ५० भन्दा धेरै अस्थायी रुपमा सञ्चालनमा रहेका छन् । नगर प्रहरी प्रमुख भुसालले महानगरले उपयुक्त विकल्प दिएर बिपी उद्यान खाली गर्न लागेको जानकारी दिनुभयो ।

बिपी उद्यानमा मासु पसल सञ्चालन गर्दै आइरहेका ओकेबहादुर शाहीले महानगरले आफूहरुलाई हटाएर बिचल्ली बनाएको दाबी गर्नुभयो ।

“बिपी उद्यानमा दैनिक पाँच-दश केजी बङ्गुरको मासु बेच्दै आइरहेका थियौँ,'' उहाँले भन्नुभयो,“यहीबाट परिवारको गर्जो टार्दै आइरहेका थियौँ । आजदेखि त हटाएपछि अब कहाँ के गर्ने भन्ने अन्यौल सिर्जना भएको छ ।''

उहाँले महानगरले आफूलाई मात्रै नभएर अन्यलाई पनि हटाउनुपर्ने बताउनुभयो ।“डोजर लगाएर हामीलाई त हटाएका छन् । अन्य कपडा पसल, तरकारी तथा फलफूल बिक्री वितरण गर्नेलाई नहटाउने हुन कि भन्ने आशङ्का उब्जिएको छ,'' उहाँले भन्नुभयो ।

महानगरले यसअघि गत मङ्सिर २६ गते १५ दिने सार्वजनिक सूचना जारी गरेर बिपी उद्यानमा राखिएका तरकारी तथा फलफूल बजार हटाउनका लागि निर्देशन दिएको थियो । सो म्याद पनि यही पुस १० गते सकिएको थियो । तर, सो अवधिमा तरकारी तथा फलफूल व्यापारीले बिपी उद्यानको ठाउँ खाली गर्न अटेरी गरेपछि महानगरले दोस्रो पटक पुस १२ गते सात दिने म्याद राखेर सार्वजनिक सूचना जारी गरेको थियो ।

दोस्रो पटक सार्वजनिक सूचना जारी गर्दा पनि खाली नगरेपछि भने आइतबार एक्साभेटर लगाएर खाली गरेको हो । महानगरले यो ठाउँमा बिपी उद्यानको व्यवस्थित गरेर वीरगञ्ज आउने पर्यटकका लागि नयाँ आकर्षणको केन्द्र बनाउने तयारी गरिरहेको छ ।रासस

## तीन महिनामा एक सय ९२ फरार प्रतिवादी पक्राउ

तिलाठी ।पछिल्लो तीन महिनामा सप्तरी प्रहरीले एक सय ९२ फरार प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयले सोमबार पत्रकार सम्मेलन गर्दै गत असोज १७ देखि यही पुस २२ गतेसम्मको प्रगति विवरण सार्वजनिक गरेको हो ।

फैसला कार्यान्वयनका क्रममा पक्राउ गरिएका उनीहरूबाट ३३ वर्ष ११ महिना सात दिन कैद तथा रु पाँच लाख ९९ हजार जरिवाना भुक्तान गराउन अदालतलाई बुझाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिनुभयो । यसैगरी, एक सय २१ जनाको म्याद थप गरी अनुसन्धान अघि बढाइएको उहाँले बताउनुभयो । यस अवधिमा भन्सार छली गरी ल्याउँदै गरेको रु ७० लाख ७२ हजार बराबरको समान तथा उक्त कार्यमा संलग्न आठ जनालाई भन्सार कार्यालयमा बुझाइएको छ ।

यसैगरी सो अवधिमा प्रहरीले दुई टन ६४ किलो गाँजा बरामद गर्नुका साथै सात जनालाई पक्राउ गरिएको प्रहरी उपरीक्षक खतिवडाले बताउनुभयो । रासस

# चिसोले जनजीवन प्रभावित



वीरगञ्ज । लगातार दुई दिनदेखि हुस्सु र कुहिरो लागेसँगै जिल्लाको जनजीवन प्रभावित भएको छ । शनिबार र आइतबार निरन्तर हुस्सु लागेपछि सर्वसाधारण चिसोबाट प्रभावित भएका हुन् ।

तराईका विभिन्न जिल्लामा शीतलहरको कारण स्याँठ चल्दा घर बाहिर निस्किने सर्वसाधारणको स¥्या थोरै मात्र देखिएको छ । चिसो बढेसँगै ज्येष्ठ नागरिक, बालबालिकाहरु बढी प्रभावित भएका छन् ।

मौसम फिल्ड कार्यालय सिमराका सहायक मौसमविद् लक्ष्मण कंडेलले मधेशमा हुस्सु र कुहिरो लागेसँगै बारा, पर्सा दुवै जिल्लाको तापक्रम घटिरहेको जानकारी दिनुभयो । कार्यालयका अनुसार वीरगञ्जको शनिबारको अधिकतम् तापक्रम १५ डिग्री सेल्सियस र शनिबारको न्यूनतम तापक्रम नौ दशमलव पाँच डिग्री सेल्सियस मापन गरिएको थियो ।

आइतबार बिहानको न्यूनतम तापक्रम १० दशमलव पाँच डिग्री सेल्सियस मापन गरिएको छ । बारामा आइतबार विहान ८ : ५६ बजे तापक्रम मापन गर्दा नौ डिग्री सेल्सियस मापन गरिएको छ । वीरगञ्ज महानगरले वीरगञ्ज आसपासमा जाडो बढेसँगै नारायणी अस्पताल, नयाँबसपार्क चोक, घण्टाघर चोक माईस्थान चोक, मुरली चोक लगायतका स्थानमा दाउरा उपलब्ध गराएर आगो ताप्ने व्यवस्था गरेको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) गणेश अर्यालले चिसोबाट जनतालाई जोगाउन विभिन्न स्थानमा दाउरा वितरण गरिरहेको जानकारी दिनुभयो । प्रजिअ अर्यालले आर्थिक अवस्था कमजोर भएका परिवारलाई सिरक तथा न्यानो लत्ताकपडा वितरण भइरहेको जानकारी दिनुभयो ।

शीतलहरले जनजीवन प्रभावित भएपछि जाडो बढेसँगै लाग्ने हुस्सु र कुहिरोले चिसो बढ्ने भएकाले स्वास्थ्यमा विशेष सावधानी अपनाउन जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ ।रासस

# प्रहरीद्वारा लागुऔषध ‘ट्रामाडोल’ बरामद



काठमाण्डु । चन्द्रागिरि नगरपालिका-२ नागढुङ्गाबाट प्रहरीले १५ हजार ट्याब्लेट ट्रामाडोल नामक लागुऔषध बरामद गरेको छ ।

प्रहरी प्रभाग नागढुङ्गा र लागुऔषध नियन्त्रण ब्यूरो शाखा नागढुङ्गाबाट खटिएका प्रहरीले सुनौलीबाट काठमाडौँतर्फ आउँदै गरेको लु.२ ख ६८१८ नम्बरको बस जाँच गर्ने क्रममा डिकीमा राखी ल्याएको उक्त परिमाणको लागुऔषध फेला पारी आज बरामद गरेको हो ।उक्त लागुऔषधबारे अनुसन्धान गर्ने क्रममा काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका-६ बस्ने २७ वर्षीय किरण श्रेष्ठको संलग्नता रहेको सूचनाका आधारमा प्रहरीले श्रेष्ठलाई गोंगबुस्थित नयाँ बसपार्कबाट पक्राउ गरेको छ ।

यसैबीच रूपन्देहीको कञ्चन गाउँपालिका-१ रामडाँडामा लु.३ त ४५०५ नम्बरको ट्र्याक्टर अनियन्त्रित भई आज दिउँसो दुर्घटना हुँदा ट्र्याक्टरमा सवार सोही गाउँपालिका-२ मटेरियाका ६० वर्षीय चिन्का चौधरीको मृत्यु भएको छ ।

दुर्घटनामा गम्भीर घाइते हुनुभएका चौधरीको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते हुनुभएका ट्र्याक्टर चालक समेत गरी दुई जनाको सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

त्यसैगरी उदयपुरको त्रियुगा नगरपालिका-११ मेनचोकस्थित सडकमा स.१ त ७८२१ नम्बरको ट्र्याक्टरले किचेर प्र.१-०५-००१ प ७६८४ नम्बरको स्कुटर चालक रौतामाईं गाउँपालिका-७ मुर्कुची बस्ने ४० वर्षीय बासु खड्काको आज दिउँसो मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते हुनुभएका खड्काको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । ट्र्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको नेपाल प्रहरी प्रधान कार्यालयद्वारा आज प्रकाशित बुलेटिनमा उल्लेख छ ।रासस

# वैदेशिक रोजगारका नाममा ठगी गरेको अभियोगमा तीन पक्राउ

काठमाण्डु । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सर्लाही गोडैता नगरपालिका-१० का २८ वर्षीय राकेशकुमार रावत, काभ्रेपलाञ्चोक रोशी गाउँपालिका-११ का ३३ वर्षीय दुधराज थिङ र दाङ तुल्सीपुर उपमहानगरपालिका-५ का ३४ वर्षीया प्रभा श्रेष्ठ रहेका छन् ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले राकेशलाई काठमाडौँ महानगरपालिका-९ बाट शुक्रबार, दुधराजलाई ललितपुर महालक्ष्मी नगरपालिका-९ बाट र प्रभालाई ललितपुर महानगरपालिका-१० बाट आइतबार पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेकामध्ये राकेशले मौरिसस पठाइदिन्छु भन्दै एक जना पीडितबाट रु छ लाख ४५ हजार, दुधराजले क्यानडा पठाइदिन्छु भन्दै एक जना पीडितबाट रु सात लाख ५० हजार र प्रभाले सिङ्गापुर पठाइदिन्छु भन्दै एक जना पीडितबाट रु सात लाख आठ हजार लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा पक्राउ गरिएको हो ।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीको भनाइ छ ।रासस

# नेता तथा कार्यकर्ता श्रम अभियानमा क्रियाशील हुनुपर्नेमा जोड



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेताहरुले पार्टीलाई उत्पादनसँग जोड्न अध्यक्षसहित सम्पूर्ण नेता कार्यकर्ता श्रम अभियानमा क्रियाशील हुनुपर्नेमा जोड दिएका छन् ।

राजधानीमा जारी आठौँ केन्द्रीय समितिको छैटौँ बैठकको दोस्रो दिन सोमबार अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ द्वारा प्रस्तुत राजनीतिक प्रस्तावमाथिको छलफलमा नेताहरुले प्रत्येक महिनाको कम्तीमा तीन दिन श्रम अभियानमा आबद्ध हुनुपर्नेमा जोड दिएको उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो ।

बैठकमा सोमबार ८० जनाले आफ्नो धारणा राख्नुभएको थियो । अधिकांश नेताहरुले कम्युनिष्ट पार्टीका नेताहरुको जीवनशैली पारदर्शी, उच्च नैतिक चरित्रवान्, जनताको मन जित्ने बोली र व्यवहार हुनुपर्नेमा जोड दिएका थिए ।

नेताहरुले पार्टीलाई व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्ने, पार्टीभित्रको दण्डहीनतालाई प्रश्रय दिन नहुने, पार्टीका सबै संरचनालाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने धारणा राखे । आसन्न निर्वाचन केन्द्रित रहेर मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग, उपत्यका र काँठ क्षेत्रमा जनजागरण अभियान सञ्चालन गर्नुपर्ने र पार्टी नेतृत्वको सरकारले सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायको पक्षमा थालेका अभियानबारे जनतालाई जानकारी गराउनुपर्नेमा जोड दिइएको प्रवक्ता सापकोटाले बताउनुभयो ।

पार्टीका महाधिवेशनका सम्बन्धमा नेताहरुले मिश्रित धारणा व्यक्त गरेका छन् । महाधिवशेन गर्नेमा सबै सहमत भएपनि कार्यतालिका तोक्ने विषयमा नेताहरुको धारणा बाझिएको छ ।

कतिपय नेताले विशेष महाधिवेशन आह्वान गर्नुपर्नेमा जोड दिए ।

नेताहरुले अध्यक्ष दाहालद्वारा प्रस्तुत प्रतिवेदन वैज्ञानिक र वस्तुवादी रहेको र यसले पछिल्लो राजनीतिक अवस्थालाई सही ढङ्गबाट विश्लेषण गरेको टिप्पणी गरेका छन् ।

आइतबारदेखि सुरु भएको बैठक मङ्गलबार बिहान ११ बजे पुनः बस्नेछ । सोमबार बैठकको प्रारम्भमा अध्यक्ष दाहालले संक्षिप्त धारणा राखेपछि राजनीतिक प्रस्तावमा छलफल सुरु भएको थियो ।रासस

# प्रहरीद्वारा दुई अर्ब २४ करोड बढी राजस्व सङ्कलन

काठमाण्डु । नेपाल प्रहरीले चालु आर्थिक वर्ष २०८१/८२ को पाँच महिनामा विभिन्न प्रकृतिका कारबाहीबाट रु दुई अर्ब २४ करोड बढी राजस्व सङ्कलन गरेको छ ।

विशेष कार्ययोजना लागु गरेको प्रहरीले विभिन्न कारबाही तथा अवैध क्रियाकलाप रोकथामका लागि अभियान सञ्चालन गरेको छ । नेपाल प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीका अनुसार अवैध मालसामान बरामद, ट्राफिक कारबाही, हुण्डी, सुन, नदीजन्य उत्खननलगायत विभिन्न १० विधामा गरिएको कारबाहीबाट उक्त राजस्व सङ्कलन गरिएको हो ।

प्रवक्ता अधिकारीले सबैभन्दा बढी अवैध मालसामान बरामदबाट रु ९० करोड ५७ लाख (४०.४२ प्रतिशत) राजस्व सङ्कलन भएको जानकारी दिनुभयो । ट्राफिक जरिवानाबाट रु ५२ करोड सात लाख अदालती फैसला कार्यान्वयनतर्फ रु ४२ करोड ७४ लाख, अवैध सुन तथा चाँदी बरामदबाट रु २६ करोड २९ लाख र अवैध मुद्रा बरामद गरी रु चार करोड ३७ लाख राजस्व सङ्कलन गरिएको उहाँले जानकारी दिनुभयो।

त्यसैगरी स्रोत नखुलेको रु दुई करोड ९० लाख, हुण्डी कारोबार नियन्त्रणबाट रु एक करोड ८३ लाख अवैध काठ बरामदबाट रु एक करोड २० लाख राजस्व सङ्कलन गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। साउनदेखि मङ्सिरसम्मको विवरणअनुसार अवैध पशुपन्छी नियन्त्रण अभियानबाट रु एक करोड १६ लाख र अवैध नदीजन्य उत्खननबाट रु ९२ लाख बढी राजस्व सङ्कलन गरिएको अधिकारीले जानकारी दिनुभयो ।रासस





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# संविधान संशोधन आवश्यक

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गर्ने दलहरुले नै अहिले संविधान संशोधनको अनिवार्य आवश्यकता महसुस गरेका छन् । संविधानमा सबै वर्ग र समुदायको अधिकारलाई नसमेटिएको भन्दा ठूलो आन्दोलन भएको थियो । कयौं मधेशीहरुको ज्यान गयो । तर नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी लगायतका केही दलका नेताहरुले संसारको उत्कृष्ट संविधान भन्दै बलपूर्वक जारी गरे । मधेशी, आदिवासी, जनजाति लगायतको अधिकार खोसेर जारी गरिएको संविधानको कार्यान्वयन नहुँदै संशोधन गर्न ती दलहरुले नै हतार गर्न थालेका छन् । संविधानलाई संसारकै उत्कृष्ट बताउने नेताहरु अहिले संविधानमा आफ्नो अनुकूलको संशोधन चाहिरहेका छन् । संविधानमा असन्तुष्ट पक्षको मागलाई सम्बोधन गर्न नभई संघीयतालाई नै ध्वस्त बनाउने गरी संशोधन गर्न खोजिएको छ । राष्ट्रिय दलका लागि कायम गरिएको थ्रेस होल्डलाई बढाउने, प्रादेशिक संरचनालाई समाप्त गर्ने, समानुपातिक निर्वाचन प्रणालीलाई हटाउने लगायतका विषय संविधान संशोधनबाट गर्न चाहेका छन् । संविधान संशोधन हुँदा असन्तुष्ट पक्षको मागलाई सम्बोधन गरी सबैको अपनत्व बढाउने पक्षमा काँग्रेस र एमाले अझै छैनन् । हुनत संविधान संशोधनका लागि चाहिने संख्या दुबै दलसित छैन् । अन्य दलहरुको सहयोगमा संविधान संशोधन गरी संघीयताको पक्षमा रहेको प्रावधानहरु समेत हटाउने प्रयास गरिरहेका काँग्रेस र एमालेले जनभावना विपरीत अगाडि बढे दुर्घटना हुने संकेत देखिएको छ । संविधान संशोधन, पुनर्लेखनको भन्दा पनि अगाडि खारेजीको माग उठन थालेको छ । संविधानको पूर्ण कार्यान्वयन गर्न समेत उदासीन रहेको काँग्रेस र एमालेले संविधानमा व्यवस्था गरिए अनुरुपको प्रहरी समायोजन, निजामती कर्मचारी समायोजन लगायतका कानुनहरु बनाएका छैनन् । बनाउन चाहेको पनि छैन् । प्रदेशमा सरकार गठन भएको ७ वर्ष भन्दा पनि बढी भइसक्यो । तर संविधानमा उल्लेखित प्रहरी समायोजन, निजामती कर्मचारी सम्बन्धी व्यवस्था सरकारले गरेको छैन् । हुनत सबै सरकारमा संघीयता पक्षधर दलहरुको पनि सहभागिता रहेको थियो । माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले उल्टीपल्टी गर्दै झण्डै २ वर्ष सरकार चलाए । तर प्रहरी समायोजन, निजामती कर्मचारीको विषयमा चासो देखाएन् । मधेशी, आदिवासी, जनजातिको सहानुभूति लिन प्रचण्डले अहिले संघीयताको पक्षमा बोले पनि त्यो यथार्थ होइन् । साढे ७ वर्षमा सरकारको नेतृत्वमा सर्वाधिक समय रहेका प्रचण्डले मधेशी दल विभाजन लगायतका अनेकौ कुकृत्य गरेका छन् । उनको अभिष्ट पनि सरकार बाहेक केही छैन् । मधेश, आदिवासी, जनजाति सबैको अधिकार र भावनालाई सम्बोधन गरी संविधान संशोधन नगरिए खारेजीको मागले गति लिन सक्ने तर्फ सत्तासीन दलका नेताहरु सचेत हुनुपर्छ ।

# एकता : 'चुनाव नजिकिँदै छ कि क्या हो ?'



रोशन जनकपुरी

उर्दूका प्रसिद्ध शायर डा. राहत इन्दौरीको पंक्ति छ :

*'सरहदौं पे बहुत तनाव है क्या,*
*कुछ पता तो करो चुनाव है क्या*
*खौफ बिखरा है दोनो सम्तो मे*
*तीसरी सम्त का दबाव है क्या ।'*

(सीमाहरुमा धेरै तनाव छ कि क्या हो, सोधी हेर त चुनाव छ कि क्या हो, भय फैलिएको छ दुबै तिर, तेस्रोको दबाब छ कि क्या हो ।)

डा. इन्दौरीले, हुन त बेग्ले परिवेश र प्रसंगमा यो शायरी भनेकाका थिए । मधेश केन्द्रित पार्टीहरु भित्र जसरी एकताको हावा बगाउने प्रयत्न भै रहेको छ, त्यसले यस्तै लाग्छ । लाग्छ चुनाव नजिकिँदै छ र मधेश केन्द्रित दलहरुमा तनाव बढी रहेको छ । यस दृष्टिले विचार गर्दा डा. इन्दौरीको 'तनाव र चुनाव'को शायरी नयाँ प्रसंगमा पनि पढन सकिन्छ ।

हुन त नेपालको राजनीतिमा 'एकता' सदावहार 'तुर्रा' हो, जतिबेला कुनै एजेन्डा छैन, बजाई हाल्नुस । सबैलाई थाहा छ, नेपालको राजनीतिमा जनहितको पक्ष सबैभन्दा उपेक्षित विषय हो । यस्तोमा सत्ता, चुनाव, राजनीति, दलहरु सबै लगानी र आर्थिक उपार्जनको स्वार्थी साधन बाहेक अरु केही बाँकी रहँदैन । यस्तोमा एकता र फूट सबैको उद्देश्य र कारण अवसरको खोजी र उपयोग मात्रै हुन्छ । यस्तोमा जतिसुकै जनता र समुदायको हितको गान गरेपनि एकता हार्दिक हुँदैन ।

नेपाली संसदिय राजनीतिको विशेषता के हो भने यस वृत्तका राजनीतिक दलहरु केही खास राजनीतिक विचार र एजेन्डाबाट विकसित भएका छन् । जनताले उनिहरुलाई पत्याएको पनि उनको राजनीतिक विचार र एजेन्डाकै कारण हो । विशेष गरेर कम्युनिस्टहरु र मधेशी एजेन्डाबाट विकसित राजनीति । कम्युनिस्टहरु भित्र माले स्कूल, माओवादी स्कूल । मधेशी एजेन्डा भित्र सदभावना स्कूल, फोरम स्कूल आदि ।

प्रायः सबै राजनीतिक प्रवृत्ति भित्र हाँङ्गाहरु फाँटेको छ । जनभावना विपरीत स्वार्थ र लेनिदेनी नमिले पछि, प्रायः सबैले आफूलाई सद्दे र अरुलाई धोकेबाज भनेर पाटी फुटाउने गरेका छन् । मूलतः नेका, एमाले र माओवादी केन्द्र जस्ता जायन्ट पार्टीहरुलाई छाडदिने हो भने अन्य संसदमा बहुमत पुऱ्याउन थपनको भूमिकामा मात्रै रहने गरेका छन् । यस्तोमा जब देशमा चुनाव नजिकिन थाल्छ, यी पार्टीहरुलाई आफ्नो सानो हैसियतले पिरोल्न थाल्छ । यस्तोमा कुनै कुनाबाट 'एकता'को राग कसैले शुरु गर्छ । फेरी कस्ले आफूलाई एकता विरोधी देखाउने ? स्याल हुइँया जस्तो सबै एकताको राग अलाप्न अलाप्न थाल्छन् । अहिलेपनि यस्तै भै रहेको छ ।

देशमा गणतन्त्र स्थापना पछि माओवादी कम्युनिस्ट आन्दोलन र पहिचान र अस्मिताको राजनीति नयाँ राजनीतिक दिशाको रुपमा उदाएका थिए । संघीयता र क्षेत्रीय-जातीय पहिचान र अस्मिताको एजेन्डालाई आधार बनाएर उदाएको मधेश आन्दोलनहरुले नेपाली समाजलाई धरातलियस्तरमा नै उद्वेलित गरेको थियो । तर राजनीतिक सैद्धान्तिक विचलनले गर्दा यी आन्दोलनका राजनीतिक प्रतिनिधि दलहरु सामाान्य संसदिय दलमा परिणत भएका छन् । राजनीतिक विचार र एजेन्डाप्रतिको प्रतिबद्धताले राजनीतिक दलहरुलाई एकजूट गरेर राख्छ । तर विचारहीनता तथा एजेन्डाबाट टाढिएपछि राजनीतिक अवसरवादिता मात्र बाँकी रहन्छ । यस्तोमा पार्टी प्रभावशाली नेताहरुको एकल मनोविज्ञान र निष्कर्षमा चल्ने जमातमा परिणत हुन्छ । व्यक्तित्व र गुटगत स्वार्थ र इगोको कारण नेताहरु बीच टकराव शुरु हुन्छ र अन्ततः पार्टीमा विभाजन शुरु हुन्छ । विशेष गरेर क्षेत्रीय पार्टी, जो केन्द्रिय राजनीतिमा सहयोगीको भूमिकामा हुन्छन्, उनिहरुमा यस्तो समस्या बढी हुने गर्छ । मधेशी एजेन्डाबाट उदाएका दलहरुमा टूट फूट, जुट र फेरी फटहरु यसैकारण बढी देखिने गर्छन् ।

मधेशी आन्दोलनको नेतृत्व गर्ने राजनीतिक अगुआहरु एजेन्डामा दृढ रहेको भए उनिहरु नेपाली राजनीतिमा निर्णायक शक्ति हुनसक्थे । कमसे कम क्षेत्रीय राजनीतिको दृष्टिले त हुन्थे नै । पहिलो सम्विधान सभा, पहिलो निर्वाचित संसद तथा प्रदेश सभामा, मधेश आन्दोलनकै प्रभाव थियो, कि मधेशकेन्द्रित दलहरु जुटेपनि, फुटेपनि जनताले भोट दिएर उनिहरुलाई मधेशमा सर्वाधिक प्रभावशाली शक्ति बनाएका थिए । मधेश प्रदेशमा गठबन्धन सरकार बनेपनि मधेश केन्द्रित दलहरुकै थियो ।

> राष्ट्रिय पार्टीको मान्यता प्राप्त गर्न निश्चित प्रतिशत मत ल्याउनु पर्ने थ्रेस होल्ड सम्बन्धमा ठूला दलहरु बीच सम्विधान संशोधन गर्ने भन्ने कुरा चलेपछि सानादलहरु बीच संकट बढेजस्तो छ । यो कहिले हुने ठेकान छैन, किनभने संघीय सरकार स्वयं पेन्डुलमको स्थितिमा छ । तरपनि साना दलहरुलाई सचेत गराए जस्तो छ । यसपटकको "एकता"को बहसमा साना दलहरुको यो चिन्तापनि सामेल हुनसक्छ ।

तर उनिहरु एजेन्डाबाट टाढिँदै, विविध निहुँमा आन्दोलनकारी पार्टीबाट सरकारी पार्टीमा परिणत हुँदैगए, उनिहरु प्रति जनतामा उदासीनता बढदै गयो । राजनीतिक विचारको त उनिहरुमा शुरु देखि नै अभाव थियो, सत्तामा हिस्सेदारीको लोभमा उनिहरुले, आफैले मधेशविरोधी आरोपित गरेका पार्टीहरुसँग जस्तोसुकै सम्झौता गर्न तयार भए । एक त आन्दोलनकै बेला विविध राजनीतिक प्रवृत्तिका तत्वहरुलाई एकजुट गरिएको थियो, पछि त एजेन्डा नै छाडिसकेपछि बाँकी नै के रहन्छ । पहिलो सम्विधान सभा ताका त संघीयता सम्बन्धी अग्रगामी चेतनाको प्रभाव देखिन्थ्यो । तर पछि भिन्न राजनीतिक दलहरुमा असफल भै रहेका मधेशी अनुहारका नेताहरु यसको नेतृत्वमा देखिए । यस्मा कयौं नेताहरु यस्ता थिए, जस्को पृष्ठभूमि संघीयताविरोधी थियो, तर अनेक तत्वबाट उनिहरु नेतृत्वमा स्थापित गराइए । यसकै परिणाम थियो कि शुरुमा नागरिकता, स्वायत्त शासन, आत्मनिर्णयको अधिकार, पूर्ण समानुपातिक जस्ता प्रष्ट देखिने जनपक्षीय एजेन्डाहरु धुमिल र अस्पष्ट हुँदै गए । आन्दोलनको नेतृत्वकर्ताहरु बीच आन्दोलनको सही दिशा के हुने बहस भन्दापनि सत्तामा आफ्नो पक्षको हिस्सेदारी तथा सरकारमा को जाने तथा दलको सर्वोच्च वरियतामा को बस्ने प्रश्नमा विवाद तिव्र हुँदै गयो । परिणाम उही : 'इस दिल के हजार टुकडे, कुछ यहाँ गिरे, कुछ वहाँ गिरे ' । उही टूट फूट, जूट र फेरी फूट ।

जनताले अन्य चुनावी राजनीतिक दलभन्दा भिन्न मधेशकेन्द्रित दललाई पनि देखेनन् । जनताको उदासीनता बढदै गयो । कुनै बेला मधेशमा सर्वाधिक प्रभावशाली राजनीतिकशक्तिको रुपमा उदाएको, र मधेशमा जसको सहारा लिएर अन्य राजनीतिक दलहरु सरकार र चुनावमा स्पेस बनाउन खोज्थे । प्रदेशको पहिलो संसदमा मधेशकेन्द्रित दलहरुको गठबन्धनको सरकार थियो । त्यसपछि मधेशकेन्द्रित दलहरुको नेतृत्वमा अन्य राजनीतिक दलहरुको गठबन्धन सरकारहरु बन्यो । सहारा त अहिलेपनि मधेशकेन्द्रित दलहरुको अन्य दलहरुले लिइ रहेका छन् । सरकार त अहिलेपनि मधेश केन्द्रित दलकै नेतृत्वमा छ । तर स्थिति फरक छ । अहिले निर्णायक अन्य राजनीतिक दलहरु छन् । प्रदेश सभामा गणितीय समीकरण हेर्ने हो भने अहिलेको जनमत पार्टीको सरकार नेपाली काँग्रेस र एमालेको दयामा टिकको जस्तो देखिन्छ । उनिहरुले चाहेभने कुनैपनि बेला सरकार खस्नसक्छ ।

यो स्थिति प्रदेशमा मात्रै छैन । कुनै बेला केन्द्रीय राजनीतिमा पनि मधेशकेन्द्रित दलहरुको एकीकृत स्थिति सरकार बनाउन र बिगार्न सक्थ्यो, तर अहिले खानापूर्ति जस्तो सरकारमा उनिहरुको उपस्थिति देखिन्छ । यस्को एउटै कारण छ, जनराजनीतिमा कमजोर हुँदै जानु । तर सरकारमा होस वा सरकार बाहिर, मधेशकेन्द्रित दलहरुको प्रवृत्ति सत्तामुखी बढी देखिन्छ । बेला बेलामा यी पार्टीहरु भित्र जुनखाले रडाको मच्चे गर्छ, राजनीतिक नियुक्ति जस्ता राजनीतिक अवसरहरुमा यी पार्टीका नेताहरुको नातावाद र कृपावाद प्रवृत्ति देखिँदो रहेछ, त्यसले अविश्वासको मात्रा बढाउँदै लगेको छ ।

त्यसैले अहिलेको मधेशकेन्द्रित राजनीतिहरु बीच एकताको खबरहरु मिडियामा आएपनि जनतामा खासै चासो देखिएको छैन । यस्को कारण भनेको एक भएपनि, फुटेपनि उनिहरुको अवसरवादी प्रवृत्ति र व्यवहारमा खासै भिन्नता आउँदैन । यसकारण मधेशकेन्द्रित दलहरु यतिपटक टुटेका जुटेका छन्, जनतामा यस खबरको खासै अपेक्षा देखिएको छैन ।

हुन त केही महिनादेखी मधेशी दलहरु बीच एकताको चर्चा सुस्त सुस्त हुन थालेको थियो । राष्ट्रिय पार्टीको मान्यता प्राप्त गर्न निश्चित प्रतिशत मत ल्याउनु पर्ने थ्रेस होल्ड सम्बन्धमा ठूला दलहरु बीच सम्विधान संशोधन गर्ने भन्ने कुरा चलेपछि सानादलहरु बीच संकट बढेजस्तो छ । यो कहिले हुने ठेकान छैन, किनभने संघीय सरकार स्वयं पेन्डुलमको स्थितिमा छ । तरपनि साना दलहरुलाई सचेत गराए जस्तो छ । यसपटकको 'एकता'को बहसमा साना दलहरुको यो चिन्तापनि सामेल हुनसक्छ ।

गत हप्ता काठमाँडौंमा मधेशी एकता समाजले आयोजना गरेको कार्यक्रममा उपेन्द्र यादव, महन्थ ठाकुर, सि के राउत र अशोक राई जस्ता मधेशी राजनीतिका हेभिवेट नेताहरु आफै उपस्थित थिएनन् । उनिहरुका पार्टीका प्रतिनिधिहरु थिए । तर कार्यक्रममा नवगठित राष्ट्रिय मुक्ति पार्टी, नेपालका अध्यक्ष र मधेश आन्दोलनमा सर्वाधिक प्रभावशाली मध्येको एक राजेन्द्र महतो, जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठी, र संघीय संसदमा हमेशा चर्चामा रहने स्वतन्त्र सांसद अमरेशकुमार सिंहको उपस्थितिले एकताको नाममा आयोजिक यस सम्मेलनलाई महत्वपूर्ण बनाउँछ । यद्यपि यसमा अभिव्यक्त धारणाहरु रकमी पाराका मात्रै देखिन्थे । एकता हुनुपर्नेको कसैले विरोध गरेनन्, तर तत्काल मोर्चा बनाउनमा अधिकांशले बढी जोड दिए ।

तर सर्बाधिक महत्वको प्रश्न, 'किन एकता ?' भन्ने विषयको सैद्धान्तिक आधारको बारेमा बहस यस पटकपनि उपेक्षित रह्यो । वस्तुतः यो मधेशकेन्द्रित दलहरुको मात्रै होइन, यो समग्र राजनीतिक आन्दोलनको प्रश्न हो, जो वर्तमान राजनीतिमा हमेशा उपेक्षित हुने गर्छ ।

प्रश्न राजनीतिक दलहरु टुट्नु, फुट्नु र जुट्नुको होइन, प्रश्न जनताको हित र जनपक्षीय राजनीतिको हो । नेपाली राजनीतिमा यो जनपक्षधरता हराउँदै गै रहेको छ । म कुनैपनि राजनीतिक दललाई जनसरोकारका विषयहरुलाई लिएर न सरकारमा, न सडकमा उत्रिरहेको देख्छु । हरेक दिन रहस्यमय हत्या भैरहेका छन् । भर्खरै बर्दिबासमा किशोरी छात्राहरुले विषपान गरेर आत्महत्या गरेको खबर आएको छ । जनयुद्ध होस वा मधेश आन्दोलन शहिद परिवारहरुको बिचल्ली छ । जनता महँगी र भ्रष्टाचारको मारमा भन् भन् थिचिँदै छन् । मधेश आन्दोलन होस वा अन्य आन्दोलन, जनताले यस्तै दुःखहरुबाट निजात पाउन आन्दोलन र चुनावमा पार्टीहरुलाई साथ दिन्छन्, भोट दिन्छन् । खोई कुनै मञ्चमा राजनीतिक दलहरुले यस्को निम्ति आवाज उठाएको छ । पहिचान र अस्मिताको आन्दोलनको अर्थ भावना र संकीर्ण उन्माद होइन, समुदायको जीवनको दुःख र शोषणबाट मुक्तिको निम्ति प्रतिनिधि छनौट हो । यस चेतनाको अभाव भएपछि राजनीति र चुनाव पसलभन्दा बढी केही रहँदैन । मधेश केन्द्रित राजनीतिक दलहरुले जनराजनीतिको यो मर्म जुन दिन बुझ्नेछन्, त्यस दिन एकताको निम्ति कसैले पहल आवश्यक हुँदैन, आफै एकता हुन्छ । जनराजनीतिको यो मर्म बूझे पार्टी सानो ठूलोले फरक पर्दैन्, उनले सरकार र सडकमा खेलेको संघर्षपूर्ण भूमिकाले उनलाई जनताको पार्टी बनाउने छ । तर अहिलेको राजनीतिक पार्टीहरुबाट यस्तो अपेक्षा बेकार छ । वस्तुतः देशमा नयाँ खाले राजनीतिको आवश्यकता छ । मधेशी राजनीतिपनि यसभन्दा भिन्न छैन । अहिलेको एकताको खबरले चुनाव नजिकिँदै गएको बुझिन्छ । यत्ति नै हो यो 'तनाव र चुनावको कुरा' ।

# माओवादी केन्द्रको वर्तमान अवस्था र अबको मार्ग



अर्जुन पन्त




दशवर्षे माओवादी जनयुद्धकै जगमा आज हामी संघीय लोकतान्त्रिक गणतन्त्र उपभोग गरिरहेका छौं । आज जसरी मुलुकले सहभागिता, समावेशी र सामाजिक न्यायको अभ्यास गरिरहेको छ, त्यसमा माओवादी आन्दोलनको भूमिका प्रधान रहेको कसैले नकार्न सक्दैन ।

शान्ति प्रक्रियामा आएसँगै माओवादी पार्टीले आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षाका खातिर निरन्तर संघर्ष गरिरहनुपरेको छ । पहिलो संविधानसभामा पार्टीले जस्तो जनमत प्राप्त गऱ्यो, त्यसले परिवर्तनका थुप्रै एजेन्डालाई संस्थागत गर्न प्रधान भूमिका खेलेको थियो । पहिलो संविधानबाट संविधान बन्न सकेन, त्यस यताका निर्वाचनमा पार्टी निरन्तर खस्कँदै गएको छ । वैचारिक विमति राख्दै पार्टीबाट केही व्यक्ति र समूह टुक्रिएर समेत गए ।

प्राप्त उपलब्धिको रक्षाकै नाममा विभिन्न पार्टीसँग चुनावी र सत्ता गठबन्धनदेखि एकताका प्रयास समेत गरिरहनुपरेको अवस्था छ । यी सबै वस्तुगत अवस्थाबाट पार्टीले केही गुमाएको छ र धेरै सिकेको पनि छ । खासगरी माओवादी नेतृत्वको पछिल्लो सरकारले जे-जस्ता काम गऱ्यो, त्यसबाट माओवादीप्रति नेपाली जनता केही आशावादी बन्न थाले र उपनिर्वाचनमा त्यसको संकेत समेत दिए ।

मुलुकमा यतिखेर भ्रष्टाचार व्याप्त छ । ठुल्ठुला सेटिङका ठुल्ठुला काण्डले मुलुकलाई शिथिल बनाएको देखेरै पछिल्लो माओवादी सरकार भष्टाचारका फाइल पल्टाउन अग्रसर थियो । माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारको त्यस किसिमको कार्यबाट धेरै हल्लिए ।

यतिखेर जनताले व्यवस्था बदलिएको तर अवस्था उस्तै रहेको गुनासो गरिरहेका छन् । मुलुक रेमिट्यान्समा धानिएको छ । गाउँ-ठाउँका खेतीयोग्य जमिन बाँझिदै गएका छन् । यो अवस्थामा देशमै स्वरोजगारी बढाउन उत्पादन बढाउने अभियान थाल्नुपरेको छ ।

जुनयुद्ध कालमा माओवादीले सामूहिक उत्पादनलाई जोड दिएको थियो । आगामी दिनमा पार्टी उत्पादन नीतिमा स्पष्ट भई एक्सनमा जान जरुरी छ ।

यी सबै वस्तुस्थिति केलाएर पार्टीले जनयुद्धकालीन जनताका मुद्दालाई स्थापित गर्नेतिर अर्थात् पार्टीको पुनर्जागरणतर्फ लाग्नुपरेको छ । पार्टीलाई पुनर्जीवन दिन एकातिर नेता तथा कार्यकर्ताको शुद्धीकरण र आत्मालोचना अनिवार्य छ, अर्कोतिर पार्टी वैचारिक रूपमा स्पष्ट खाकासहित आउनुपर्छ । हिजो माओवादीकै संघर्ष, पैरवी र पहलकदमीमा संविधानमा समाजवाद उन्मुख शब्द र भावना परेको छ । त्यसको स्पष्ट कार्यान्वयन नै माओवादीको एजेन्डा बन्नुपर्छ ।

### पुनर्जागरण केका लागि ?

शान्तिपूर्ण राजनीतिक प्रक्रियामा माओवादीको प्रवेशलाई चौतर्फी सकारात्मक मानिए पनि पार्टीभित्रै यसको प्रभावमाथि निरन्तर बहस चलिरहेको छ । केही नेताहरू शान्तिपूर्ण मार्गबाट समाजवादको आधार तयार गर्नुपर्ने पक्षमा छन् भने केहीले विद्रोहको मूल नीति बिर्सन नहुने बताउँदै आएका छन् । यस अन्योलले कार्यकर्तामाझ दुविधा उत्पन्न गरेको छ । यो अन्योल चिर्ने अभियान पार्टीले थाल्न जरुरी छ ।

आठौं महाधिवेशनले पार्टी विधान र विधि-पद्धतिलाई संस्थागत गर्ने निर्णय गरेको थियो । तर, त्यसको प्रभावकारी कार्यान्वयनप्रति गुनासा व्याप्त छन् । नेतृत्व चयनमा पारदर्शिता र लोकतान्त्रिक प्रक्रिया सुनिश्चित गर्न पार्टी सफल भएको देखिँदैन । कार्यकर्ताले निर्णय प्रक्रियामा सहभागिता अनुभूत गर्न नपाएको गुनासो सामान्य भइसकेको छ ।

यी सबै वस्तुस्थितिमाथि छलफल गर्दै पार्टीको पुनर्जीवन र पुनर्जागरणका लागि पहल गर्नुपर्ने भएको छ ।

### शुद्धीकरणको खाँचो

पार्टीभित्र वैचारिक, सांस्कृतिक र व्यावहारिक शुद्धीकरणको खाँचो देखिन्छ । माओवादी आन्दोलनको प्रारम्भिक चरणमा देखिएको सामूहिक भावना र बलिदानको आदर्श अहिले कमजोर भएको छ ।

पार्टी नेतृत्व र कार्यकर्तामाझ पुँजीवादी सोच हाबी भइरहेको आरोप सामान्य बनेको छ । पार्टी नव-दलाल पुँजीपति वर्ग र नव-सम्भ्रान्त वर्गको कब्जामा पुगेको आवाज पनि उठिरहेकै छन् ।

भ्रष्टाचार, व्यक्तिगत लाभको खोजी र सत्तालिप्सा जस्ता प्रवृत्तिले पार्टीभित्र वैचारिक संकट निम्त्याएको छ । यो समस्या समाधान नगरेसम्म माओवादीको क्रान्तिकारी छवि पुनः स्थापना असम्भव देखिन्छ ।समाजवादतर्फ अघि बढ्न पार्टीले अहिलेको सैद्धान्तिक आधारलाई पुनर्व्याख्या र परिमार्जन गर्नुपर्ने देखिन्छ । वर्तमान विश्व परिप्रेक्ष्यअनुसार समाजवादको नयाँ स्वरूप विकास गर्ने जिम्मेवारी माओवादीजस्तो ऐतिहासिक पृष्ठभूमि बोकेको दलले लिनुपर्छ ।

माओवादी केन्द्र र जनताबिचको सम्बन्ध पहिलेको तुलनामा कमजोर भएको स्पष्ट छ । संघर्षकालमा सँगै रहेर काम गरेका जनताले हाल पार्टीलाई आफूहरूको प्रतिनिधि मान्न छाडेका छन् । हिजो कांग्रेस उच्च वर्गको प्रतिनिधित्व गर्ने पार्टी, एमाले मध्यम वर्गको प्रतिनिधित्व गर्ने पार्टी र माओवादी निम्न वर्गको प्रतिनिधित्व गर्ने पार्टी भन्ने जुन भाष्य स्थापित थियो, त्यो अहिले भत्किएको छ । माओवादीले वर्ग बिर्सेको आरोप झुटो होइन । त्यसैले यतिखेर माओवादीलाई जनतासँग जोडिने एजेन्डा चाहिएको छ ।

निम्न वर्गको तत्कालीन समस्यालाई सम्बोधन गर्ने योजना र उनीहरूको उत्थानका लागि दीर्घकालीन योजना अर्थात् समाजवादी मार्ग माओवादी पार्टीसँग हुनुपर्छ । यी विषय हाम्रो नेतृत्व पंक्तिले नबुझेको पनि होइन । यद्यपि पार्टी कहीं न कहीं चुकिरहेको छ र हिजो ठुलो दल आज तेस्रो दलमा खुम्चिएर अर्काको हात र साथ खोजिरहनुपरेको छ । कुनै पनि पार्टी एकैचोटि बन्दैन तर खस्कन धेरैबेर लाग्दैन । आफ्ना एजेन्डा नभएरै वा एजेन्डा बिर्सिएकै कारण आज पार्टी यो अवस्थामा आइपुगेको हो ।

पार्टीलाई पुनर्जीवन दिन एकातिर नेता तथा कार्यकर्ताको शुद्धीकरण र आत्मालोचना अनिवार्य छ, अर्कोतिर पार्टी वैचारिक रूपमा स्पष्ट खाकासहित आउनुपर्छ । हिजो माओवादीकै संघर्ष, पैरवी र पहलकदमीमा संविधानमा समाजवाद उन्मुख शब्द र भावना परेको छ । त्यसको स्पष्ट कार्यान्वयन नै माओवादीको एजेन्डा बन्नुपर्छ ।समाजवाद स्थापना गर्ने लक्ष्यप्रति प्रतिबद्ध रहेका अन्य वामपन्थी दलहरू र समूहसँगको एकता आवश्यक छ । समान विचारधारा भएका दलहरूबिच मोर्चाबन्दी गर्दै समाजवादको आधार तयार गर्न माओवादीले अग्रसरता लिनुपर्छ ।

माओवादी केन्द्रको केन्द्रीय समिति बैठकले यी विषयमा गहिरो बहस गरी पार्टीको पुनर्जागरणका लागि ठोस नीतिगत निर्णय लिन जरुरी छ । पार्टीभित्रै वैचारिक एकता, संगठनात्मक सुधार र जनसरोकारका विषयमा केन्द्रित हुने चिन्तनको विकास गर्नुपरेको छ । त्यसो भयो भने मात्रै माओवादीको भविष्य सुरक्षित हुनेछ । जनता र पार्टीबिचको सम्बन्ध सुधार गर्दै समाजवादको यात्रालाई सार्थक बनाउने चुनौती स्विकार्न माओवादी केन्द्र सक्षम हुने आशा गरौं ।

# निष्पक्ष पत्रकारिता लोकतन्त्रको आधारस्तम्भ हो: राष्ट्रपति पौडेल



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले देशको लोकतान्त्रिक आन्दोलन मात्र नभएर सामाजिक र आर्थिक रुपान्तरणमा नेपाली पत्रकारिता क्षेत्र र नागरिक संस्थाका हैसियतले नेपाल पत्रकार महासङ्घले पुऱ्याएको योगदान सराहनीय रहेको बताउनुभएको छ ।

नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित पदाधिकारीको स्वागत कार्यक्रममा राष्ट्रपति पौडेलले लोकतन्त्रको सुदृढीकरण र स्थायित्व पत्रकारहरूको मुख्य लक्ष्य हुनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "स्वतन्त्र, निष्पक्ष एवं व्यावसायिक पत्रकारिता तथा जनताको सूचनाको हक लोकतन्त्रको आधारस्तम्भ भएकाले हाम्रो संविधानले पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । त्यही भएर लोकतन्त्रको सुदृढीकरण र यसको स्थायित्व पनि पत्रकारहरूको मुख्य लक्ष्य हुनुपर्छ भन्ने म ठान्दछु ।"

राष्ट्रपतिले सूचनाप्रविधिको क्षेत्रमा भएको विकासले समाचारको विषयवस्तु, सञ्चारमाध्यम र सूचना सम्प्रेषणमा आएको परिवर्तनले पाठकको सही सूचना पाउने चाहना पूरा गर्न सहज भएको बताउनुभयो ।

उहाँले सूचना प्राप्ति र सम्प्रेषणमा सहज भएसँगै चाँडो सूचना दिने होडबाजीमा मिथ्या सूचना प्रवाह हुनसक्ने र त्यसले समाजलाई दिग्भ्रमित पार्नसक्ने जोखिमतर्फ आमसञ्चारका माध्यमहरू सचेत हुन जरुरी भएको बताउनुभयो ।

राष्ट्रपतिले उपलब्ध नवीन सूचना प्रविधिको अधिकतम प्रयोगसँगै राज्यको चौथो अङ्गका रुपमा रहेका सञ्चारमाध्यमले स्वतन्त्र, निष्पक्ष र वस्तुनिष्ठताजस्ता व्यावसायिक धर्मको अधीनमा रही सत्यको अन्वेषण र त्यसको सम्प्रेषणमा वर्तमानमा देखिएका चुनौतीलाई चिर्दै सत्यतथ्य सूचना सम्प्रेषण गर्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रपति पौडेलले श्रमजीवी पत्रकारको हकहित, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र व्यावसायिक पत्रकारिताका लागि महासङ्घले आगामी दिनमा अझ प्रभावकारी ढङ्गले काम गर्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

# वैकल्पिक वित्तसम्बन्धी कानुन बन्दै, रु ५० अर्ब पुँजीको कोष बनाउने प्रस्ताव

अर्थ मन्त्रालयका प्रवक्ता महेश भ राईले अहिले विधेयक मन्त्रालयमा छलफलका क्रममा रहेको र के कस्ता व्यवस्था राखेर मन्त्रिपरिषद्मा पठाउने भन्ने टुङ्गो अझै नलागेको बताउनुभयो ।

काठमाण्डु । सरकारले वैकल्पिक वित्त परिचालनसम्बन्धी कानुन निर्माण प्रक्रिया थालेको छ। परम्परागत लगानीका स्रोतका अतिरिक्त वैकल्पिक स्रोतहरुको पहिचान र उपयोग गर्ने उद्देश्यका साथ 'वैकल्पिक वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१' को मस्यौदा बनिरहेको अर्थ मन्त्रालयले जनाएको छ।

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले अहिले विधेयक मन्त्रालयमा छलफलका क्रममा रहेको र के कस्ता व्यवस्था राखेर मन्त्रिपरिषद्मा पठाउने भन्ने टुङ्गो अझै नलागेको बताउनुभयो । "विधेयकको मस्यौदा निर्माणको क्रममा छ, सरोकारवालासँगको छलफल चलिरहेको छ। मन्त्रिपरिषद्मा कस्तो मस्यौदा जाने भने टुङ्गो लागिसकेको छैन", उहाँले रासससँग भन्नुभयो ।सरकारी, सार्वजनिक र निजी साझेदारी, प्रत्यक्ष वैदेशिक लगानीलगायत विभिन्न तरिकाले वित्तीय स्रोत जुटाइने परम्परागत शैलीको विकल्प खोजिनुपर्ने र नयाँ स्रोत पहिचान तथा प्रयोगमा ल्याइनुपर्ने विषय लामो समयदेखि उठ्दै आएको छ।

चालु आर्थिक वर्ष २०८१/८२ को बजेटमा पनि सरकारले लगानीका वैकल्पिक स्रोत खोज्ने उल्लेख गरेको छ। व्यापारिक, निजी, गैरसरकारी कोष तथा अनुदान र सहुलियतपूर्ण ऋण सहायतालाई मिश्रित गरी समिश्रित वित्त (ब्लेन्डेड फाइनान्स) विधिमा विकास सहायता परिचालन गर्ने उल्लेख छ। यसरी मुलुकको समृद्धि, दीगो विकास तथा उत्पादकत्व वृद्धिका लागि अत्यावश्यक पूर्वाधार परियोजना कार्यान्वयन गर्न परम्परागत लगानीका अतिरिक्त वैकल्पिक वित्तको परिचालनको आवश्यकता औंल्याइदै आइएको थियो । सोहिअनुसार विभिन्न किसिमका ऋणपत्र, प्रत्याभूति पत्र, स्वपूँजी कोषलगायत विभिन्न वित्तीय वा मौद्रिक उपकरणमार्फत वैकल्पिक वित्त परिचालन गर्न आवश्यक रहेको भन्दै सरकारले विधेयक ल्याउने तयारी गरेको हो।



वैकल्पिक वित्त स्रोत भन्नाले विभिन्न माध्यमबाट कोष खडा गर्ने प्रक्रियालाई समेट्दछन् । यसअन्तर्गत कुनै परियोजना विशेषका लागि लगानीकर्ता वा सर्वसाधारणबाट स्वपुँजी (इक्विटी), ऋण, वा दुवै प्रकारको रकम सङ्कलन गरेर 'क्राउडफण्डिङ' गर्न सकिन्छ । त्यस्तै, परियोजना कार्यान्वयन गर्ने निकायको प्रत्याभूति लिएर परियोजनाका लागि विशेष ऋण उठाउने, स्वदेशी वा विदेशी लगानीकर्ताबाट दीर्घकालीन पुँजी सङ्कलन गरी लगानी कोष खडा गर्नु पनि वैकल्पिक वित्तको प्रमुख उपाय हुन् ।

विदेशमा रहेका नेपाली नागरिक वा गैर-आवासीय नेपालीबाट तोकिएको रकम सङ्कलन गरी विप्रेषण कोष (रेमिट फण्ड) खडा गर्ने कार्य पनि वैकल्पिक वित्तको स्रोत हुन जान्छ । चालु आर्थिक वर्षको बजेटको बुँदा नम्बर २७४ मा'विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न सोभरेन फण्ड स्थापना गर्ने र उक्त कोषलाई सार्वजनिक पूर्वाधार लगानीको परिपूरकको रुपमा समेत स्पेसल पर्पस भेहिकलमार्फत् उपयोग गर्ने' उल्लेख छ ।

अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट पूर्ण वा आंशिक जमानत लिएर ऋण वा ऋणपत्र जारी गर्न जमानत कोष खडा गर्न सकिने विषयलाई पनि वैकल्पिक वित्त परिचालनसम्बन्धी कानुनको मस्यौदामा समेटिएको छ । साथै, कुनै निकाय वा परियोजनाको सम्पत्ति वा कारोबारलाई मौद्रिकरण गरी त्यस्तो निकायले कार्यान्वयन गर्ने परियोजनाका लागि परियोजना कोष खडा गर्ने व्यवस्था विधेयकको मस्यौदामा राखिएको छ। यसबाहेक, अन्य तोकिएका उपाय अपनाई आवश्यक कोष खडा गर्ने प्रावधानहरू पनि वैकल्पिक वित्त स्रोतअन्तर्गत समावेश छन् ।

वैकल्पिक वित्त परिचालनबाट जम्मा भएको रकम रोजगारी प्रवर्द्धन गर्ने, उल्लेख्य आर्थिक प्रतिफल दिने वा कुल ग्राहस्थ उत्पादन वृद्धि गर्न सघाउ पुऱ्याउने परियोजनाको पहिचान, अध्ययन, विकास, निर्माण वा कार्यान्वयनका लागि प्रयोग हुने विधेयकको मस्यौदामा उल्लेख छ। विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजना, सडक, रेलमार्ग, विमानस्थल, सुरूङमार्ग, औद्योगिक विकास पूर्वाधार निर्माण (विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क, सुख्खा वन्दरगाह वा सूचना प्रविधि पार्क) निर्माणका लागि वैकल्पिक वित्तका स्रोत प्रयोग गर्न सकिनेछ। त्यस्तै, शहरी विकास पूर्वाधार निर्माण, केबुलकार, रज्जुमार्गलगायत संरचना निर्माण एवम् सञ्चालनका लागि यस्ता कोष परिचालन गरिने जनाइएको छ । विधेयकको मस्यौदाअनुसार निजी क्षेत्रले कार्यान्वयन गर्ने सार्वजनिक-निजी साझेदारी अन्तर्गतको राष्ट्रिय प्राथमकिता प्राप्त परियोजनामा पनि कोषले लगानी गर्न सक्नेछ।

यद्यपि, रू एक अर्बभन्दा कम लागत अनुमान भएको परियोजनामा भने कोषबाट लगानी गर्न नसिकने मस्यौदामा उल्लेख छ। त्यस्तै, तत्काल प्रतिफल दिन नसक्ने परियोजना, ऋण वा जमानत वापत धितो दिन नसक्ने परियोजना, कोषले जारी गरेको ऋणपत्र वा डिभेञ्चर धितो वा जमानत राखी ऋण माग गर्ने परियोजना, कुनै प्राकृतिक व्यक्तिले कार्यान्ववयन गर्ने परियोजनामा कोषले लगानी गर्नेछैन।

त्यस्तै, कोषको बहालवाला सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा त्यस्तो पदाधिकारी बहाल हुनु भन्दा कम्तिमा तीन वर्ष अघि आधारभूत शेयरधनी, साझेदार, सञ्चालक वा सदस्य रहेको फर्म, कम्पनी वा संस्थाले कार्यान्वयन गर्ने परियोजनामा पनि लगानी गर्न नपाइने व्यवस्था विधेयकको मस्यौदामा राखिएको छ ।मस्यौदा उल्लेख भएअनुसार कोषको अधिकृत पुँजी रू ५० अर्ब हुनेछ भने चुक्ता पुँजी रू १० अर्ब हुनेछ । कोषमा नेपाल सरकार, अन्तर्राष्ट्रिय वित्तीय संस्था वा वदेशी बैंक वा वित्तीय संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बीमा कम्पनीहरुले लगानी गर्न पाउनेछन् ।रासस

# मस्तिष्कघातको निःशुल्क उपचारको तयारीमा सरकार

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले सरकारले मस्तिष्कघातको निःशुल्क उपचारको तयारी गरिरहेको बताउनुभएको छ।

कान्ति बाल अस्पतालको ६३औँ वार्षिकोत्सवका अवसरमा सोमबार यहाँ आयोजित कार्यक्रममा उहाँले यसका लागि मन्त्रालयले कार्ययोजना बनाइरहेको बताउनुभयो। उहाँले कान्ति बाल अस्पतालमा बाल क्यान्सरको निःशुल्क उपचारको व्यवस्था बनाइसकेको समेत उल्लेख गर्नुभयो। कान्ति बाल अस्पतालमा भौतिक पूर्वाधार र जनशक्तिको अभाव रहेको विषयमा आफू जानकार रहेको बताउँदै उहाँले मन्त्रालयका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। "अस्पतालले हाल सीमित स्रोत र साधनका बावजुद गुणस्तरीय सेवा प्रवाह गरिरहेको छ, यसैका कारण धेरैको विश्वास कान्तिमा छ", उहाँले भन्नुभयो।




त्यस अवसरमा राष्ट्रिय योजना आयोगका सदस्य प्राडा आरपी विच्छाले कान्ति अस्पताललाई बाल स्वास्थ्य अध्ययन संस्थानका रुपमा विकास गर्न आवश्यक रहेको धारणा राख्नुभयो। "अस्पतालमा शय्याको सङ्ख्या बढाए पनि बिरामीको चाप कम भएको छैन", उहाँले भन्नुभयो, "अस्पतालमा बिरामीको चाप कम गर्न प्रत्येक प्रदेशमा एक सयदेखि तीन सय शय्यासम्मको बाल अस्पताल निर्माण गर्नुपर्छ।"

अस्पताल विकास समितिका अध्यक्ष श्रीराम सुवेदीले अस्पताल चिकित्सा क्षेत्रको राष्ट्रिय सम्पदाका रुपमा रहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "अस्पतालले उपचार सेवामा विविधिकरण र विशिष्टीकरण गरेको छ। हाल १४ वर्ष मुनिका उपचार गर्ने बालबालिकाको संख्या २८ प्रतिशत छ । यो समूहलाई उपचार सेवा दिएर ठूलो सेवा गरेको छ।"

उहाँले बिरामीको चापको अनुपातमा भौतिक संरचना र जनशक्ति कम रहेको बताउनुभयो। अस्पतालले वार्षिकोत्सवको अवसरमा वायु गुणस्तर मापन उपकरण जडान गरेको उहाँले जानकारी दिनुभयो। अस्पतालका निर्देशक डा पङ्कज रायले अस्पतालमा हाल जनशक्ति र भौतिक पूर्वाधारमा कमी रहेकाले सुधार गर्दै जानुपर्ने आवश्यकता औँल्याउनुभयो।

"अस्पतालमा अहिले पनि शल्यक्रियाका लागि पालो पर्खिनुपर्ने अवस्था छ । सघन उपचार कक्ष पनि थप गर्नुपर्नेछ", उहाँले भन्नुभयो, "अस्पतालको वृहत गुरुयोजना अनुरुप विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) को काम सुरु भइसकेको छ ।" उहाँले थप स्रोत जुटाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र कतार दूतावाससँग पहल गरिरहेको जानकारी दिनुभयो।

देशको एकमात्र सरकारी केन्द्रीय तथा रिफरल बाल अस्पतालका रुपमा रहेको कान्ति बाल विसं २०१९ पुस २२ गते स्थापना भएको हो । तत्कालीन समयमा ५० शय्याबाट सुरु भएको यस अस्पतालमा हाल तीन सय ७२ शय्या छन् । अस्पतालले आर्थिक वर्ष २०८०/८१ म एक लाख ८० हजार बालबालिकालाई सेवा उपलब्ध गराएको सो अवसरमा जानकारी दिइयो ।रासस

# सर्वोच्चद्वारा थापाको मुद्दामा कैफियत प्रतिवेदन मगाउने आदेश

काठमाण्डु । सर्वोच्च अदालतले नक्कली भुटानी शरणार्थीसम्बन्धी मुद्दाका आरोपित प्रतीक थापाबारे कैफियत प्रतिवेदन मगाउने आदेश गरेको छ। न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासले सोमबार उक्त प्रकरणमा पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका छोरा प्रतीकको मुद्दामा कैफियत प्रतिवेदन मगाउने आदेश गरेको हो।

उक्त प्रकरणमा उच्च अदालत पाटन र जिल्ला अदालत काठमाडौँले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेकामा थापाले त्यसविरुद्ध सर्वोच्च अदालतमा आज निवेदन दर्ता गराउनुभएको थियो । सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुईंकेलका अनुसार सोही निवेदनमाथिको सुनुवाइपछि थप कागजात मगाउने आदेश गरिएको जानकारी दिनुभयो।

यसअघि गत असार १४ गते थापालाई सो प्रकरणमा प्रहरीले पक्राउ गरेको थियो । जिल्ला अदालत काठमाडौँले निजलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेपछि सो निर्णयविरुद्ध थापाले उच्च अदालत पाटनमा मुद्दा दायर गरेका थिए । उच्च अदालतले पनि जिल्लाकै निर्णयलाई सदर गरेपछि निजले धरौटीमा रिहा हुनुपर्ने माग गर्दै सर्वोच्च अदालतमा निवेदन दिएका थिए ।रासस

मधेश प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा

**प्रस्ताव Improvised portable शित भण्डार निर्माण छनौटका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/२२**

यस मन्त्रालयको चालु आ. व.२०८१/०८२ को स्वीकृत कार्यक्रम "Improvised portable शित भण्डार निर्माण कार्यक्रम" सञ्चालन गर्न छनौटका लागि ईच्छुक आवेदक (कृषि/पशुपन्छी/मत्स्य क्षेत्रमा संलग्न सहकारी/कृषक समूह/फार्म/कम्पनी/उद्योग/बजार समिति) ले यो सूचना प्रकाशित भएको मितिले एक्काईस (२१) दिन भित्र कार्यालय समयमा तपसिल अनुसारको कागजातहरु सहित प्रस्ताव पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१. अनुसूची-२ बमोजिमको आवेदन
२. संस्था/कम्पनी दर्ता र गत आ.व. सम्म नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र करचुक्ता,
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा)
५. अनुसूची-३ अनुसारको प्रस्ताव,
६. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,
७. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (आवश्यकता अनुसार)
८. आवश्यक अन्य कागजात।

**नोट**:- अन्य आवश्यक जानकारीको लागि यस मन्त्रालयको वेभसाइट https://molmac.madhesh.gov.np हेर्न सक्नु हुनेछ ।

**कार्यक्रम फोकल व्यक्ति**:- श्री नविन खडका (खाद्य अनुसन्धान अधिकृत),
मो.नं. ९८४५२९१४१९

# रास्वपा सभापति लामिछानेका कानुन व्यवसायीको बहस जारी

गण्डकी । पोखराको सूर्यदर्शन सहकारीको बचत रकम अपचलन मुद्दाका आरोपी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेसहित सात प्रतिवादीहरूको थुनछेक बहस जिल्ला अदालत कास्कीमा गत मङ्गलबारदेखि जारी छ।

शुक्रबारदेखि प्रतिवादीतर्फका कानुन व्यवसायीको बहस सुरू भएकामा सोमबार सभापति लामिछाने पक्षका कानुन व्यवसायीहरूको बहस सुरू भएको अदालतका स्रेस्तेदार राजन खनालले जानकारी दिनुभयो। उहाँका अनुसार आज अधिवक्ता सुशीलकुमार पन्तले लामिछानेका पक्षबाट बहस गर्नुभएको छ । यसअघि प्रतिवादी लीला पछाईं र छविलाल जोशी पक्षका कानुनी व्यवसायीहरूले बहस गर्नुभएको थियो।

सरकारी वकिल र जाहेरवाला सहकारीपीडित पक्षका कानुन व्यवसायीले उक्त मुद्दामा बहस गरेपछि प्रतिवादीतर्फका कानुन व्यवसायीको बहस चलिरहेको हो । प्रतिवादीहरूको बयान सकिएलगत्तै जिल्ला न्यायाधीश नीतिज राईको इजलासमा गत मङ्गलबारदेखि थुनछेक बहस सुरु भएको थियो। जिल्ला न्यायाधिवक्ता कमला काफ्लेले प्रतिवादीतर्फका कानुन व्यवसायीहरूको बहस सकिएपछि पुनः सरकारी वकिलका तर्फबाट जवाफी बहस सुरु हुने जानकारी दिनुभयो।

थुनचेक बहसपछि प्रतिवादीहरुलाई पुर्पक्षका लागि थुनामा राखेर अनुसन्धान गर्ने कि थुनामुक्त गरेर अनुसन्धान जारी राख्ने आदेश हुनेछ । सभापति लामिछानेसहित उक्त सहकारी ठगीको मुद्दामा मुछिएका पूर्वडिआइजी छविलाल जोशी, लीला पछाईं, कृष्णबहादुर गुरुङ, रामबहादुर खनालगायतमाथि थुनछेक बहस भइरहेको हो। यही पुस ७ गते जिल्ला सरकारी वकिलको कार्यालयले सहकारीको रकम अपचलनको आरोपमा रास्वपा सभापति लामिछानेसहित ४४ जनाविरुद्ध मुद्दा दायर गरेको थियो।

सभापति लामिछानेमाथि सहकारी ठगीसँगै सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरमा समेत मुद्दा दायर भएको छ। सरकारी वकिलको कार्यालयले सूर्यदर्शन सहकारीको रकम ठगी प्रकरणमा अहिलेसम्म ६३ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको छ । सभापति लामिछानेसहित १९ जनाविरुद्ध सङ्गठित अपराधमासमेत मुद्दा चलाइएको जिल्ला सरकारी वकिलको कार्यालयले जनाएको छ।

यस्तै लामिछानेसँगै खनाल, जोशी र पछाईंविरुद्ध सम्पत्ति शुद्धीकरणमा पनि मुद्दा दायर गरिएको सरकारी वकिलको कार्यालयले जनाएको छ। रासस

# राष्ट्रको सिमाना रक्षा गर्न सरकार संवेदनशील छः गृहमन्त्री

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले सरकार राष्ट्रको भूमि र सिमानाको रक्षा गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ । आफ्नो भूमिको सुरक्षा गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै त्यसनिम्ति सरकार संवेदनशील भएर लागेको बताउनुभयो।

राज्यव्यवस्था तथा सुशासन समितिको सोमबारको बैठकमा उहाँले भारतीय नागरिकले कञ्चनपुरको शुल्लाफाँटाको जग्गामा खेतीपाती गरेको विषयलाई कूटनीतिक माध्यमबाट तत्काल समाधान गर्न सरकारले प्रक्रिया प्रारम्भ गरिसकेको जानकारी दिनुभयो।

गृहमन्त्री लेखकले भन्नुभयो, "कञ्चनपुरको शुल्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने हाम्रो भूमि भारतीय नागरिकले भोगचलन गरिरहेको अवस्था छ । यसबारे सरकारलाई जानकारी छ, यसप्रति सरकारको गम्भीर ध्यानार्कषण भएको छ। समस्या समाधान गर्न कूटनीतिक छलफल पनि गरेका छौं।"

उक्त क्षेत्रमा सीमासम्बन्धी विवाद नरहे पनि सीमास्तम्भ राख्नपर्ने आवश्यकता औंल्याउँदै गृहमन्त्री लेखकले द्विदेशीय संयन्त्रमार्फत सीमास्तम्भ राखिने भएकाले त्यसनिम्ति कूटनीतिक माध्यमबाट छलफल भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सीमासम्बन्धी द्विदेशीय संयन्त्रलाई पनि यस सम्बन्धमा ध्यानार्कषण गराइएको छ । हामी हाम्रो भूमिको रक्षा गर्छौं । समस्या पनि समाधान गर्छौं ।"

बैठकको प्रारम्भमा समिति सदस्यद्वय रघुजी पन्त र दिलेन्द्रप्रसाद बडूले शुल्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रको जग्गा भारतीयले प्रयोग गरेको विषयमा गृहमन्त्रीको जवाफ माग गर्नुभएको थियो ।रासस

# दक्षिण कोरियाका अनुसन्धानकर्ताद्वारा युनलाई पक्राउ गर्न प्रहरीसँग आग्रह

एएफपी

सियोल । दक्षिण कोरियाली भ्रष्टाचार विरोधी अनुसन्धानकर्ताहरूले महाभियोग लागेका राष्ट्रपति युन सुक योललाई पक्राउ गर्न सोमबार प्रहरीसँग आग्रह गरेका छन् ।

पूर्व अभियोजकसमेत रहनुभएका राष्ट्रपतिबबाट निलम्बित युनले सुनुवाईका लागि उपस्थित हुन अस्वीकार गर्नुभएको छ । गत हप्ता प्रहरीले पक्राउ गर्ने प्रयास गरेपनि उहाँ आफ्नै निवासमा लुकेको र सेनाले मानव पर्खाल खडा गरेर प्रहरीलाई उहाँसम्म पुग्न अवरोध गरेको थियो । सेनाको कारण उहाँलाई पक्राउ गर्ने प्रहरीको प्रयास असफल भएको थियो ।



अनुसन्धानकर्ताहरूले वारेन्टको सोमबारको समयसीमा बढाउने प्रयास गरिरहेका छन् र मद्दत मागिरहेका छन्।भ्रष्टाचार अनुसन्धान कार्यालय (सीआईओ) का अनुसन्धानकर्ताहरूले आफूहरूले भोग्नुपरेको कठिनाइका कारण प्रहरीलाई जिम्मा लिन आग्रह गरेको बताएका छन्। युनको कानुनी टोलीले उहाँलाई पक्राउ गर्ने सीआईओको अधिकार नभएको भनी विरोध जनाएका छन् ।

'वारेन्टको म्याद आज सकिँदैछ। सीआईओका उपनिर्देशक ली जे-सेउङले पत्रकारसँगको ब्रिफिङमा भन्नुभयो, "हामी आज अदालतबाट म्याद थपका लागि अनुरोध गर्ने योजनामा छौं ।" उहाँले वारेन्टको म्याद थप गर्ने भन्ने विषयमा प्रहर ीसँग परामर्श गर्ने बताउनुभयो । प्रहरीले उक्त अनुरोध स्वीकार गरेको छैन ।

गत हप्ता सयौं सुरक्षा बलसँग घन्टौं लामो तनावपूर्ण गतिरोधपछि अनुसन्धानकर्ताहरूले सुरक्षाको कारण देखाउँदै फिर्ता भएका थिए। केही समयका लागि नागरिक शासन निलम्बन गरेको र दक्षिण कोरियालाई दशकौं यताकै सबैभन्दा खराब राजनीतिक सङ्कटमा फसाएको अभियोगमा दोषी ठहरिएमा युनलाई जेल वा मृत्युदण्डको सजाय हुनेछ।

'प्रेसिडेन्सियल सेक्युरिटी सर्भिस'ले मध्यरातसम्म राष्ट्रपतिको सुरक्षा गर्नेछ । सोमबार मध्यरातपछि युनविरूद्धको पक्राउ आदेश निष्क्रिय हुनेछ र अर्को आदेश भएमा फेरी हामी आफ्नो जिम्मेवारीका लागि तैनाथ हुनेछौं," प्रेसिडेन्सियल सेक्युरिटी सर्भिसलाई सहयोग पुऱ्याउँदै आएका युनको समर्थनमा प्रदर्शनका आयोजकमध्येका एक किम सो योङले भन्नुभयो ।

"उनीहरूले अर्को वारेन्ट जारी गरे भने हामी फेरि आउनेछौं," उहाँले दोहोऱ्याउनुभयो ।बिहानीपखको कुहिरोमा युनको पिपुल पावर पार्टीका दर्जनौं सांसद राष्ट्रपति निवासअगाडि उभिएका थिए ।

अघिल्लो दिनदेखि युनको पक्ष र विपक्षमा दर्जनौंले रातभर पहरा दिएपछि पक्राउका लागि गएको प्रहरीको अभियान विफल भएको थियो । "म अहिले सीआईओभन्दा लामो समयदेखि यहाँ छु । तिनीहरूले किन त्यसो गर्न सक्दैनन् भन्ने कुराको कुनै अर्थ छैन। उनीहरूले उनलाई तत्काल पक्राउ गर्न आवश्यक छ," युनविरोधी प्रदर्शनका आयोजक ३० वर्षीय किम अह-योङले भन्नुभयो ।

प्रारम्भिक पक्राउ पूर्जी यूनले आफ्नो ' मार्शल ल' जारी गर्ने कदमका लागि जारी गरिएको थियो यसबारे सोधपुछको लागि उपस्थित हुन उहाँ इन्कार गर्नुभएको छ ।

युनका वकिलले पक्राउ पूर्जी जारी गरिनु 'गैरकानुनी' भएको पटक-पटक बताउँदै आउनुभएको छ । युनको राष्ट्रपति सुरक्षा सेवाका प्रमुखले पनि आइतबार निलम्बित राष्ट्रपतिलाई पक्राउ गर्न अनुसन्धानकर्तालाई अनुमति नदिने बताउनुभएको छ ।

यसैबीच, कोरियाली विवादबारे छलफल गर्न अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन सोमबार बिहान सियोल आइपुग्नुभएको छ । उहाँले कार्यवाहक राष्ट्रपति चोइ साङ-मोकलगायत विभिन्न सरकारी अधिकारीसँग छलफल गर्नुभएको छ ।ब्लिन्केनले युनलाई भेट्ने कार्यक्रम नभए पनि विदेशमन्त्री चो ताइ-युलसँग संयुक्त पत्रकार सम्मेलन गर्नुभएको छ।

पत्रकार सम्मेलन सुरु हुनुभन्दा केही समयअघि उत्तर कोरियाले अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र समुद्रमा खसालेपछि उहाँको ध्यान आन्तरिक राजनीतिबाट हटेको देखिएको छ। दक्षिण कोरियाको संवैधानिक अदालतले युनविरुद्धको महाभियोगबारे सुनुवाइ सुरु गर्न जनवरी १४ तारिखका लागि समय तोकेको छ। उक्त दिन युनको उपस्थिति बिना नै सुनुवाई सुरू गरिने बताइएको छ ।

# उत्तर कोरियाद्वारा क्षेप्यास्त्र प्रहार

एएफपी

सियोल । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन दक्षिण कोरियाको भ्रमणमा रहेकै समय उत्तर कोरियाले सोमबार क्षेप्यास्त्रपरीक्षण गरेको छ। क्षेप्यास्त्र परीक्षणपछि उहाँले प्योङ्याङले अत्याधुनिक अन्तरिक्ष प्रविधिका लागि रुससँग अझ नजिकबाट काम गरिरहेको बताउनुभएको छ ।



दक्षिण कोरियाले 'मार्शल ल' लागू गर्ने असफल प्रयासको लागि महाभियोग लगाइएपछि आफ्नो निवासमा थुनिएका कन्जरभेटिभ राष्ट्रपति युन सुक येओललाई पक्राउ गर्ने प्रयास गरिरहेका बेला ब्लिन्केनको भ्रमण भएको हो । दक्षिण कोरियालाई जापानसँग सहयोग बढाउने युनको नीतिलाई कायम राख्न प्रोत्साहित गर्ने योजना बनाएका ब्लिन्केन सियोलमा वार्तामा रहेकै समय उत्तर कोरियाले ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको र उक्त क्षेप्यास्त्र समुद्रमा खसेको थियो।सोमबार प्रहरा गरिएको क्षेप्यास्त्र करिब एक हजार १०० किलोमिटर (६८० माइल) सम्म उडेको दक्षिण कोरियाली सेनाले जनाएको छ ।

ब्लिन्केनले उत्तर कोरियाबारे त्रिपक्षीय अभ्यास र गुप्तचर आदानप्रदानमा वृद्धि भएको तर्फ सङ्केत गर्दै भन्नुभयो, "आजको प्रक्षेपणले हामी सबैलाई हाम्रो सहयोगात्मक कार्य कत्तिको महत्वपूर्ण छ भन्ने कुराको स्मरण गराएको छ ।"ब्लिन्केन र उहाँका दक्षिण कोरियाली समकक्षी चो ताइ-युलले संयुक्त पत्रकार सम्मेलनमा उत्तर कोरियालाई युक्रेनविरुद्ध लड्न सहयोग गरेबापत रूसले उत्तर कोरियालाई सहयोग गरेको बताउनुभयो ।

ब्लिन्केनले भन्नुभयो, "उत्तर कोरियाले रूसी सैन्य उपकरणमा तालिम प्राप्त गरिसकेको छ । अब मस्कोले प्योङयाङसँग उन्नत अन्तरिक्ष र उपग्रह प्रविधि साझेदारी गर्न चाहेको भन्ने हामीसँग विश्वास गर्ने आधार बनेको छ ।" संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को भिटो अधिकार प्राप्त सदस्य रूसले उत्तर कोरियालाई आणविक राष्ट्रका रूपमा औपचारिक रूपमा स्वीकार गर्ने र प्योङ्याङले आफ्नो कार्यक्रम अन्त्य गर्नुपर्छ भन्ने विश्वव्यापी सहमतिलाई ठूलो धक्का लाग्ने चिन्ता ब्लिन्केनले व्यक्त गर्नुभयो ।

अमेरिकी र दक्षिण कोरियाली गुप्तचर निकायका अनुसार उत्तर कोरियाले गत वर्षको अन्त्यतिर युक्रेनविरुद्ध लड्न हजारौं सैनिक पठाएको थियो र सयौंको मृत्यु भइसकेको छ ।यसैबीच, जापानले उत्तरकोरियाली क्षेप्यास्त्रपरिक्षणको विरोध गरेको छ । टोकियोमा प्रधानमन्त्री शिगेरु इशिबाले उत्तर कोरियाले रूससँगको सहकार्यमा 'प्रविधिमा सुधार गर्दै गएको' भन्दै चिन्ता व्यक्त गर्नुभएको छ ।

# बङ्गलादेशकी पूर्व प्रधानमन्त्री हसिनाविरुद्ध दोस्रो पटक पक्राउ पुर्जी जारी

एएफपी

ढाका । बङ्गलादेशको एक अदालतले निर्वासित पूर्वनेता शेख हसिनालाई बेपत्ता पारेको आरोपमा दोस्रो पटक पक्राउ पुर्जी जारी गरेको छ ।

विद्यार्थी नेतृत्वको आन्दोलनले सत्ताच्युत भएपछि गत अगस्टमा मित्र राष्ट्र भारतमा निर्वासित जीवन बिताइरहनुभएकी ७७ वर्षीया हसिनाविरुद्ध ढाकाले मानवताविरुद्धको अपराधको अभियोगमा यसअघि नै पक्राउ पुर्जी जारी गरिसकेको छ । उहाँको १५ वर्षे कार्यकालमा उहाँका राजनीतिक विरोधीहरूको सामूहिक हिरासत र गैरन्यायिक हत्याहरू भएको र व्यापक रूपमा मानव अधिकार उल्लङ्घन भएको आरोप लागेको छ ।

घरेलु अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आईसीटी) का मुख्य अभियोजक ताजुल इस्लामले दोस्रो पक्राउ पुर्जी उहाँको शासनकालमा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूसँग सम्बन्धित रहेको बताउनुभयो । बङ्गलादेशी सुरक्षाकर्मीले ५०० भन्दा बढी व्यक्तिलाई गैरकानूनी रूपमा नियन्त्रण गरेका थिए भने तीमध्ये केहीलाई वर्षौंदेखि गोप्य स्थानमा राखिएको थियो ।पूर्व प्रधानमन्त्री हसिनाले सत्ता छोडेसँगै पीडितहरूले भोगेका कष्टदायी घटनाहरू सार्वजनिक गर्न थालेका छन्।

"अदालतले शेख हसिना र उहाँका सैन्य सल्लाहकार, सैनिक कर्मचारी र अन्य कानून प्रवर्तन अधिकारीहरू सहित ११ जनाविरुद्ध पक्राउपूर्जी जारी गरेको छ," इस्लामले पत्रकार सम्मेलनमा भन्नुभयो । बङ्गलादेशले गत डिसेम्बरमा भारतलाई हसिनालाई मुद्दाको सामना गर्न फिर्ता पठाउन आग्रह गरेको थियो तर दिल्लीले त्यसको जवाफ दिन अस्वीकार गरेको थियो ।इस्लामले अदालतले मुद्दाको सुनुवाइ अघि बढाउन चाहेको बताउनुभएको छ ।

"हामी जतिसक्दो चाँडो मुद्दाको सुनुवाइ टुङ्ग्याउन चाहन्छौं, तर यसको अर्थ यो होइन कि हामी कानुन भङ्ग गर्छौं वा उचित प्रक्रिया बिना नै फैसला दिन्छौं," उहाँले भन्नुभयो । हसिनाको सरकार ढलेपछि उहाँका दर्जनौं सहयोगीलाई हिरासतमा लिइएको छ । उनीहरूलाई प्रहरी नियन्त्रण र कारबाहीमा संलग्न रहेको आरोप लगाइएको छ । उक्त कारबाहीमा ७०० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो।

# हमासले 'बन्धकको अवस्था'बारे जानकारी दिएको छैन: इजरायल

एएफपी

जेरुसेलम ।इजरायलले हमास समूहले सम्भावित आदानप्रदान सम्झौताको पहिलो चरणमा रिहा गर्न तयार रहेको घोषणा गरेका ३४ जना बन्धकको अवस्था हालसम्म उपलब्ध नगराएको बताएको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "इजरायलले अहिलेसम्म सूचीमा रहेका बन्धकहरूको स्थितिबारे हमासबाट कुनै टिप्पणी प्राप्त गरेको छैन।"

विज्ञप्तिमा भनिएको छ, "बन्धकहरूको सूची हमासद्वारा इजरायललाई प्रदान गरिएको थिएन तर इजरायलले जुलाई २०२४ मा मध्यस्थहरूलाई दिएको थियो।"

मध्यस्थकर्ता कतार, इजिप्ट र संयुक्त राज्य अमेरिकाले गाजा पट्टीमा इजरायल र हमासबीचको युद्ध अन्त्य गर्न महिनौंदेखि सम्झौता गर्ने प्रयास गरिरहेका छन्। हालैका दिनहरूमा दुवै पक्षका वार्ताकारहरूले दोहामा अप्रत्यक्ष वार्ता गरिरहेका छन्।

हमास समूहले ३४ जना बन्धकलाई रिहा गर्न सहमति जनाएको समूहका एक वरिष्ठ अधिकारीले आइतबार राति एएफपीसँग बताए ।

"हमासले पहिलो चरणको कैदी आदानप्रदान सम्झौताको एक भागको रूपमा इजरायलले दिएको सूचीबाट ३४ जना इजरायली कैदीहरूलाई रिहा गर्न सहमत भएको छ," ती अधिकारीले भने।

हमासका अर्का एक अधिकारीले नाम नबताउने शर्तमा भने, "प्रारम्भिक अदलाबदलीमा गाजामा रहेका सबै महिला, बालबालिका, वृद्धवृद्धा र बिरामी बन्दीलाई समावेश गरिनेछ ।"

यसका लागि हमासलाई आफ्नो अवस्था पत्ता लगाउन समय चाहिने उनले बताए ।


"हमासले जीवित वा मृत ३४ जना कैदीलाई रिहा गर्न सहमत भएको छ", ती अधिकारीले भने, "यद्यपि, समूहलाई अपहरणकारीहरूसँग कुराकानी गर्न र जीवित र मरेका व्यक्तिहरूको पहिचान गर्न कम्तीमा पनि एक हप्ताको युद्धविराम हुनुपर्छ ।"

सन् २०२३ अक्टोबर ७ मा इजरायलमाथि भएको आक्रमणका क्रममा प्यालेस्टिनी लडाकूहरूले २५१ जना बन्धकहरूलाई कब्जामा लिएका थिए, जसमध्ये ९६ जना अझै पनि गाजामै रहेका र तीमध्ये ३४ जनाको मृत्यु भएको इजरायली सेनाले जनाएको छ ।

# 'क्यानडाका प्रधानमन्त्री ट्रुडोले यसै साता राजीनामा दिने'

एएफपी

ओटावा। क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले आफ्नो लिबरल पार्टीभित्र बढ्दो असहमतिका कारण यसै साता राजीनामाको घोषणा गर्ने सम्भावना रहेको 'द ग्लोब एन्ड मेल' पत्रिकाले आइतबार जनाएको छ ।



पार्टीको आन्तरिक मामिलाबारे जानकार तीन अज्ञात स्रोतलाई उद्धृत गर्दै ग्लोबले ट्रुडोको घोषणा छिटोमा सोमबार र ढिलोमा बुधबारसम्ममा आउनसक्ने जनाएको छ ।ग्लोब स्रोतका अनुसार घोषणा सम्भवतः बुधबार राष्ट्रिय लिबरल पार्टीको बैठकअघि हुनेछ ।पार्टीले नयाँ नेतृत्व खोजिरहेको बेला ट्रुडो अन्तरिम हैसियतमा रहने वा नरहने भन्ने स्पष्ट नभएको द ग्लोबले जनाएको छ ।

हालैका महिनाहरूमा ट्रुडोको लोकप्रियता घटेको छ, उहाँको सरकार अविश्वासको मतको शृ्त लाबाट बचेको छ र आलोचकहरूले उहाँको राजीनामाको माग गरेका छन्।उहाँले सन् २०२५ को अक्टोबरमा हुने चुनावमा लिबरललाई मार्गदर्शन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । ट्रुडोले अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पको थप दबाबको सामना गर्नुपरेको छ । उहाँले क्यानाडाका सामानहरूमा २५ प्रतिशत कर लगाउने चेतावनी दिनुभएको छ ।

उपप्रधानमन्त्री क्रिस्टिया फ्रिल्यान्डले ट्रम्पको स्पष्ट योजनालाई कसरी प्रतिक्रिया दिने भन्ने विषयमा ट्रुडोसँग असहमति जनाएपछि डिसेम्बरमा राजीनामा दिनुभएको थियो । सोही महिनाको अन्त्यतिर ट्रुडोले आफ्नो मन्त्रिमण्डलमा ठूलो फेरबदलको घोषणा गर्नुभयो । उहाँले राजनीतिक उथलपुथललाई समाधान गर्न आफ्नो मन्त्रीमण्डलको एक तिहाई सदस्यलाई हेरफेर गर्नुभएको थियो ।

गत नोभेम्बरमा उहाँले ट्रम्पलाई भेट्न फ्लोरिडाको मार-ए-लागो रिसोर्टमा जानुभएको थियो । ट्रुडोले सन् २०१५ मा कालो घुँघराले कपाल र आत्मविश्वासी स्वैगरका साथ सत्तामा पुगेका थिए र सन् २०१९ र २०२१ मा लिबरललाई थप दुई वटा मतपेटिकामा जित दिलाएका थिए ।

पछिल्लो जनमत सर्वेक्षणमा ट्रुडो आफ्ना मुख्य प्रतिद्वन्द्वी कन्जरभेटिभ पियरे पोइलिभ्रेभन्दा २० अङ्कले पछि पर्नुभएको छ । प्रधानमन्त्रीका रूपमा आफ्नो पहिलो दुई कार्यकालमा ट्रुडोले सिनेटमा सुधारहरू ल्याउनुभयो भने संयुक्त राज्य अमेरिकासँग नयाँ व्यापार सम्झौतामा हस्ताक्षर गर्नुभयो र क्यानाडाको हरितगृह ग्याँस उत्सर्जन कम गर्न कार्बन कर लागू गर्नुभएको थियो ।

तीन सन्तानका पिता रहनुभएका ट्रुडोले भाङलाई कानुनी मान्यता दिनुभएको, बेपत्ता र हत्या गरिएका आदिवासी महिलाहरूको बारेमा सार्वजनिक अनुसन्धान गर्ने नेतृत्व गर्नुभएको र चिकित्सकीय सहायताले आत्महत्या गर्न अनुमति दिने कानून पारित गर्नुभएको थियो ।

## जय ट्रफी :

# मधेशका मयन यादवले प्रहार गरे शतक

टुडे समाचारदाता

जनकपुरधाम। जय ट्रफी एलिट कप दुईदिवसीय प्रतियोगिताअन्तर्गत मधेश प्रदेशका मयन यादवले शतक प्रहार गरेका छन्।



प्रतियोगितामा बलर हाबी भइरहदा मधेशका ओपनिङब्याटर यादवले बागमती प्रदेशविरूद्ध दोस्रो इनिङ्समा १०६ रन जोडेका हुन्। जय ट्रफीमा प्रहार भएको यो पहिलो शतक हो।

उनले शतक बनाउने क्रममा १०८ बल खेलेर १२ चौका र २ छक्का प्रहार गरे। उनको शतकको मद्दतमा मधेश दोस्रो इनिङ्समा राम्रो ब्याटिङ गर्दै बागमतीविरूद्ध अग्रता बढाएको छ।

त्यसअघि पहिलो इनिङ्समा मधेश १०२ रन र बागमती १५० रनमा अलआउट भएका थिए। जनकपुरमा टस जितेर पहिले ब्याटिङ गरेको मधेशलाई बागमतीले पहिलो इनिङ्समा १०२ रनमै अलआउट गरेको थियो। पहिलो इनिङ्समा मधेशका लागि मयन यादवले सबैभन्दा बढी २१ रन जोडेका थिए। बलिङमा बागमती प्रदेशका लागि कप्तान सन्दीप लामिछानलेले ५ विकेट र सूर्य तामाङले ३ विकेट लिएका थिए।

आइतबार नै पहिलो इनिङ्स सुरु गरेको बागमती सोमबार दोस्रो दिनको पहिलो सत्रमा १५० रनमा अलआउट भयो। बागमतीका लागि पहिलो इनिङ्समा नन्दन यादवले ४७ रन जोडे भने शुभ कंसाकार ३५ रन र कप्तान सन्दीप लामिछानेले ३३ रनको योगदान दिए। बलिङमा मधेशका रुपेश सिंह र अभिषेक तिवारीले ४-४ विकेट लिन सफल भए।

# माघ दोस्रो साता दौड प्रतियोगिता




काठमाण्डु । नेपाल भेटेरिनरी एशोसिएसनको आयोजनामा आगामी माघ दोस्रो साता 'राइट टु प्रोटिन' दौड प्रतियोगिता आयोजना हुने भएको छ ।

आगामी माघ १२ गते हुने उक्त दौड प्रतियोगितामा खुला महिला तथा पुरुष हाफ म्याराथन, पुरुषतर्फ १० किमि दौड, महिलातर्फ पाँच किमि दौड तथा कक्षा १२ सम्मका विद्यार्थीका लागि पाँच किमि र तीन किमि दौड तथा फरक क्षमता भएका व्यक्तिहरुका लागि ह्विलचियर दौड (महिला तथा पुरुष) र बालबालिकाका लागि 'रन फर फन' विधा समावेश गरिएको आयोजक संस्थाका संयोजक डा सितलकाजी श्रेष्ठले सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

प्रतियोगितामा हाफ म्याराथनतर्फ विजेता महिला तथा पुरुष खेलाडीले जनही रु एक लाख ५० हजार प्राप्त गर्नेछन् । दोस्रो स्थान हासिल गर्ने खेलाडीले रु एक लाख, तेस्रोले रु ७० हजार, चौथोले रु ५० हजार तथा पाँचौ हुने खेलाडीले रु ३० हजार पुरस्कार प्राप्त गर्नेछन् । दश किमि दौडमा पहिलो हुने खेलाडीले रु ५० हजार, दोस्रोले रु ४० हजार, तेस्रोले रु ३० हजार, चौथोले रु २० हजार र पाँचौ हुने खेलाडीले रु १० हजार पुरस्कार प्राप्त गर्ने छन् ।

यस्तै पाँच किमि दौडमा पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौ हुने खेलाडीले क्रमशः रु ३० हजार, रु २० हजार, रु १५ हजार, रु १० हजार र रु पाँच हजार पुरस्कार पाउनेछन् । तीन किमि दौडमा पहिलो हुने खेलाडीले रु २० हजार, दोस्रोले रु १५ हजार, तेस्रोले रु १० हजार, चौथोले रु पाँच हजार र पाँचौ स्थान हासिल गर्ने खेलाडीले रु दुई हजार पाँच सय पाउनेछन् ।

ह्विलचियरतर्फ प्रथम स्थान हासिल गर्ने खेलाडीले ३० हजार पाउनेछन् भने दोस्रो हुने खेलाडीले रु २० हजार पाउनेछ । त्यसैगरी तेस्रो हुने खेलाडीले रु १५ हजार, चौथोले १० हजार र पाँचौ हुने खेलाडीले रु पाँच हजार पाउनेछन् । उक्त प्रतियोगिताको गत वर्षको हाफ म्याराथनको महिलातर्फ सन्तोषी श्रेष्ठ र पुरुषतर्फ दिपक अधिकारीले स्वर्ण पदक जितेका थिए ।रासस

# पाँच वटा पिचसहितको क्रिकेट मैदान निर्माण हुँदै

हेटौंडा । यहाँको हेटौंडा उपमहानगरपालिका-६ स्थित गौरिटार रङ्गशालाभित्र रु ११ करोड ७४ लाखमा ड्रेनसहितको क्रिकेट मैदान निर्माण भइरहेको छ ।



अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदानमा छ हजार दर्शक क्षमताको एउटा प्याराफिटसहित पाँच वटा पिच, ७० मिटर रेडिएसको मैदान, स्कोर बोर्ड, भिभिआइपी कक्ष, खेलाडी कक्ष (प्लेयर बक्स), चेन्जिङ रुम (कपडा फेर्ने कोठा), टिभी र रेडियो ब्रोडकास्टिङ कक्ष, मिडिया कक्ष, अपाङ्गमैत्री क्षेत्र, पार्किङलगायत संरचना निर्माण हुने प्रदेश खेलकुद परिषद्का सदस्य-सचिव दीपक लामाले जानकारी दिनुभयो ।

त्रिकेट मैदानमा चार वटा ब्लकमा प्याराफिट निर्माण गर्ने डिपीआर निर्माण गरिएको र त्यसमध्ये हाल एउटा ब्लकको काम भइरहेको उहाँले बताउनुभयो। क्रिकेट मैदान निर्माणका लागि रु नौ करोड ४२ लाख ८२ हजारमा २०८० चैत २० मा एसएनएस पिएल एचकेसी जेभीले ठेक्का लिएको थियो ।

उहाँका अनुसार हाल मैदान सम्याउने काम भइरहेको छ र अधिकांश बजेट मैदान बनाउनमै खर्च हुनेछ । मैदानको लेभल मिलाएपछि भूमिगत ढलमार्फत पानी पठाउन पाइप बिछ्याउने काम हुनेछ भने विभिन्न तहमा ग्राभेल, माटो बिछ्याउने उहाँले बताउनुभयो । मैदानको सबैभन्दा माथिल्लो भागमा बर्मुण्डा दुबो रहने लामाले बताउनुभयो ।

गत आइतबार नेपाल क्रिकेट सङ्घ (क्यान) का सचिव पारस खड्काले हेटौंडा-६ स्थित गौरीटार रंगशालामा निर्माण भइरहेको क्रिकेट ग्राउण्डको स्थलगत अवलोकन गर्नुभएको थियो । सचिव खड्कासहित प्रवक्ता छुवी लामा, मकवानपुर क्रिकेट सङ्घका पदाधिकारीले ग्राउण्ड अवलोकन गर्नुभएको थियो ।

क्रिकेटका लागि पूर्वाधार निर्माण भइरहेको प्रति खुसी व्यक्त गर्नुहुँदै क्रिकेट खेलको विकासका लागि पूर्वाधार निर्माणमा प्रदेश सरकारले गरेको लगानी सकारात्मक रहेको सचिव खड्काले बताउनुभयो । क्रिकेट ग्राउण्डको पूर्वाधार तीव्र गतिमा निर्माण भइरहेकाले छिट्टै राष्ट्रियस्तरको खेल खेलाउन सकिने उहाँले बताउनुभयो ।रासस

# यस्तो छ तरकारी र फलफूलको मूल्य



काठमाण्डु । कालिमाटी फलफूल तरकारी विकास समितिले सोमबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । सोमबार गोलभेडा ठूलो (भारतीय) प्रतिकेजी)रु ८०, गोलभेडा सानो (लोकल) प्रतिकेजी रु २५, गोलभेडा सानो (भारतीय) प्रतिकेजी रु ३५, गोलभेडा सानो (तराई) प्रतिकेजी रु ४०, आलु रातो प्रतिकेजी रु ४८, आलु रातो (भारतीय) प्रतिकेजी रु ४०, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७०, गाजर (लोकल) प्रतिकेजी रु १००, गाजर (तराई) प्रतिकेजी रु ९०, बन्दा (लोकल) प्रतिकेजी रु ३०, बन्दा (तराई) प्रतिकेजी रु २५, बन्दा (नरिवल) प्रतिकेजी रु ३०, काउली स्थानीय प्रतिकेजी रु ३०, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ४०, काउली तराई प्रतिकेजी रु २०, मूला रातो प्रतिकेजी रु ३५, मूला सेतो (लोकल) प्रतिकेजी रु ३५, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ४०, भन्टा लाम्चो प्रतिकेजी रु ५०, भन्टा डल्लो प्रतिकेजी रु ६० कायम भएको छ।

यसैगरी, मकै बोडी प्रतिकेजी रु ६०, मटरकोसा प्रतिकेजी रु ९०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ७०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ८० टाटे सिमी प्रतिकेजी रु ५०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ६०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १००, सखरखण्ड प्रतिकेजी ८०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु ९०, स्कूस प्रतिकेजी रु ३५, रायो साग प्रतिकेजी रु २५, पालुङ्गो साग प्रतिकेजी ७०, चमसुरको साग रु ७०, तोरीको साग प्रतिकेजी रु ४०, मेथीको साग प्रतिकेजी रु ७०, प्याज हरियो प्रतिकेजी रु ६०, बकुला प्रतिकेजी रु ८०, तरुल प्रतिकेजी रु ८०, च्याउ (कन्य) प्रतिकेजी रु ८०, च्याउ (डल्ले) प्रतिकेजी रु ३०० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रु ५०, चुकुन्दर प्रतिकेजी रु ९०, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ७०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ९०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्दुक प्रतिकेजी रु ३०० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १४०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २५०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १२५, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, काँक्रो (लोकल) प्रतिकेजी रु १२०, काक्रो (हाइब्रिड) प्रतिकेजी रु ९०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २५०, मेवा (नेपाली) प्रतिकेजी रु ७०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु ११०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किवि प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकेजी रु १३०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ९०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ८०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ८०, लसुन हरियो प्रतिकेजी रु १८०, हरियो धनिया प्रतिकेजी रु ६०, लसुन सुकेको चाइनिज प्रतिकेजी रु ३००, लसुन सुकेको नेपाली प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु २५०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्गरी) प्रतिकेजी रु ४५०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ ।रासस

# सागसब्जी फलाएर जीविकोपार्जन गर्दै



ढोरपाटन । बागलुङको काठेखोला गाउँपालिका-८ लेखानी गाउँ बसाइँसराइका कारण बिस्तारै रित्तिँदै छ । हुने खानेहरू सहर बजार झरेपछि गाउँमा अहिले न्यून आएका भएका परिवार मात्रै छन् । गाउँमा बस्दै आएका स्थानीयले व्यावसायिक तरकारीखेतीबाट राम्रो आम्दानी गर्नाका साथै जीविको चलाउँदै आएका छन् । गाउँका झण्डै एक सय घरपरिवार तरकारीखेतीमा आबद्ध छन् ।

उनीहरूलाई स्थानीय सरकार तथा विभिन्न सङ्घसंस्थाले प्राविधिकसहित तालिमको सहयोग र अनुदानसमेत दिने गरेका छन् । लेखानी गाउँको टोल-टोलमा प्लास्टिकका टनेल भेटिन्छन् । छरिएर रहेको गाउँमा किसानले व्यावसायिक रूपमा तरकारी खेती गर्दै आएपछि उनीहरूको जीवनस्तरमा पनि सुधार आउन थालेको छ ।

गत वर्ष गाजा फाउन्डेसनले ५० परिवारलाई तरकारीखेती गर्ने तालिम र अनुदान दिएको थियो ।

त्यसपछि गाउँमा तरकारीखेती गर्नेको लर्को लाग्न थालेको छ । तरकारी बेचेरै यहाँका धेरैले दैनिकी चलाउने गरेका छन् । यहाँका किसानले उत्पादन गरेको तरकारी बागलुङमा खपत हुने गरेको छ ।

पहिले कोदो, मकै, र दोरी फल्ने बारीमा अहिले लटरम्म गोलभेँडा, बन्दा, काउली र साग उब्जिरहेका छन् ।

गत वर्ष असारमा दिइएको तरकारीखेतीसम्बन्धी तालिमले किसानलाई व्यावसायिक बन्न प्रेरित गरिरहेको छ । तरकारीखेती गर्न थालेपछि परिवारको आर्थिक अवस्था उकासिएको स्थानीय पम्पी कँडेलले बताउनुभयो । तरकारी बेच्न थालेपछि परिवारको खर्च चलाउन सहज भन्दै गएको उहाँको भनाइ छ ।

“गाउँ छोड्दै बजार झर्ने धेरै छ, गाउँमा सम्भावना केही छैन भन्छन्, अहिले हामीहरूले यहाँ धेरै सम्भावना देखेका छौँ, हामीहरूसँग सामान्य तरकारीखेती गर्ने सीप पनि रैनछ, त्यही भएर बजार झर्दा रैछौँ,” उहाँले भन्नुभयो, “अहिले गाउँका अधिकांशले टनेल हालेर तरकारीखेती गर्न थालेका छौँ, धेरै तरकारी लगाउनेले लाखौँ आम्दानी गर्छन्, हामीहरूले एक सरो लगाउन र बिहान-बेलुकाको छाक टार्न अरूको मुख ताक्नुपर्ने अवस्था छैन ।”

पहिले परम्परागत रूपमा तरकारीखेती गर्दा उत्पादन बढाउन नसकेको भन्दै अहिले वार्षिक रू पाँच लाख बढीको तरकारी बिक्री गर्ने गरेको स्थानीय लिलाधर कँडेलले बताउनुभयो । आफूले एक दशकदेखि नै तरकारीखेती गर्दै आएको सुनाउँदै गत वर्षदेखि खेतीलाई थप विस्तार गरेको उहाँको भनाइ छ । पहिले गाउँमा तरकारी बेच्ने चलन नभएको सुनाउँदै पछिल्लो समय किसानहरू व्यावसायिक बन्दै गएको कँडेलले बताउनुभयो ।

उहाँले भन्नुभयो, “हामी किसानका लागि तालिम, प्राविधिक र बीउ नभई हुँदैन, विभिन्न सङ्घसंस्थाहरूले सहयोग गर्नुभएको छ, व्यावसायिक बन्न सिकियो, पहिला पहिला हाम्रा बाउबाजेका पालामा तरकारी पनि बेच्छन् भन्थे, अहिले त्यही तरकारीले परिवार चलेको छ, बजारका लागि धेरै समस्या छैन, कहिलेकाहीँ भने अनुसारको बजार नपाउँदा दुःख लाग्छ ।”

नेपाल गाजा डेपलभमेन्ट फाउन्डेसनकी सामाजिक परिचालिका यमुना बस्यालले लेखानीका किसानले तरकारीखेतीसम्बन्धी तालिम लिएपछि व्यावसायिक रूपमा लाग्ने महिलाहरू बढेको बताउनुभयो । फाउन्डेसनले किसानलाई तालिमसहित टनेल, बीउ र कृषिसम्बन्धी अन्य उपकरण उपलब्ध गराएको उहाँको भनाइ छ ।रासस

# नवलपरासी आलुमा आत्मनिर्भर



मध्यविन्दु । नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा यसवर्ष थप ११ हेक्टर क्षेत्रफलमा आलुखेती विस्तार भएको छ । किसान आलुखेती तर्फ आकर्षित हुँदा गत वर्षभन्दा यसवर्ष जिल्लामा आलुखेती थप ११ हेक्टर क्षेत्रफलमा विस्तार भएको हो । जिल्लामा यस वर्ष तीन हजार दुई सय १६ हेक्टर क्षेत्रफलमा आलुखेती भएको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताउनुभयो।

“गत वर्ष तीन हजार दुई सय पाँच हेक्टरमा आलुखेती भएकोमा यो वर्ष ११ हेक्टर जमिनमा थप विस्तार भएको छ”,उहाँले भन्नुभयो,“गतवर्ष जिल्लामा ५८ हजार चार सय १३ मेट्रिक टन आलु उत्पादन भएको थियो ।” जिल्लामा बर्सेनि आलु उत्पादन हुने क्षेत्र र उत्पादन बढ्दै गएपछि आलुमा आत्मनिर्भर बनेको उहाँले बताउनुभयो । जिल्लामा व्यावसायिक आलुखेती गर्ने किसानको स¤ˆया प्रत्येक वर्ष बढेको तथ्याङ्कमा देखिएको छ । “आलु उत्पादनका हिसाबले नवलपरासी (बर्दघाट सुस्तापूर्व) आत्मनिर्भर रहेको छ”,उहाँले भन्नुभयो,“यो वर्ष पनि समय अनुकूल छ, आलु उत्पादन राम्रो हुने अनुमान छ ।”

यस वर्ष जिल्लामा गण्डकी प्रदेश सरकारले सञ्चालन गरेको समुदायस्तरमा प्रशोधन आलु प्रवर्द्धन कार्यक्रममार्फत ११ हेक्टर क्षेत्रफलमा खेती विस्तार भएको कृषि ज्ञान केन्द्र नवपुरका सूचना अधिकारी विश्वास काफ्लेले बताउनुभयो । क्षेत्रफलसँगै यस वर्ष आलु उत्पादन बढ्ने प्रारम्भिक अनुमान छ । कृषि ज्ञान केन्द्रसँगै स्थानीय तहले आलुखेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिरहेकाले आलुखेती विस्तार हुँदै गएको हो ।

“जिल्लामा आलुखेती गर्ने किसानलाई थप प्रोत्साहन गरी उत्पादन बढाउने उद्देश्यले कृषि ज्ञान केन्द्रमार्फत मध्यविन्दु र कावासोती नगरपालिका तथा हुप्सेकोट गाउँपालिकामा समुदायस्तरमा प्रशोधन आलु प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ”,उहाँले भन्नुभयो,“कृषि ज्ञान केन्द्रले किसान समूहमा आलुखेती प्रवर्द्धन कार्यक्रमलाई यो वर्ष पनि निरन्तरता दिएको छ ।”

जिल्लाको कावासोती र मध्यविन्दु नगरपालिका क्षेत्रमा आलु राम्रो उत्पादन हुने गरेको छ। सो क्षेत्रमा व्यावसायिक रूपमा आलु उत्पादन गर्ने किसान र कृषि समूहको स¤ˆया उल्लेख्य रहेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी काफ्लेले बताउनुभयो।

नवलपरासी(बर्दघाट सुस्तापूर्व)को विनयी त्रिवेणी, हुप्सेकोट र बौदीकाली गाउँपालिका, कावासोती,मध्यविन्दु, देवचुली र गैँडाकोट नगरपालिकामा व्यावसायिक आलुखेती गर्ने गरिएको छ । किसानले उत्पादन गरेको आलु स्थानीय बजारका साथै काठमाडौँ पनि जाने गरेको छ ।रासस

# अतिक्रमित जग्गा फिर्ता नहुँदा माछा पोखरी असुरक्षित

बागमती । प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र हेटौँडाको अतिक्रमणमा परेको जग्गा अझै फिर्ता नहुँदा माछा पोखरी असुरक्षित भएको छ । विभिन्न व्यक्ति तथा संस्थाले लामो समयदेखि मत्स्य केन्द्रको कूल ४९ हेक्टर जग्गामध्ये १३ बिघा १३ कठ्ठा १० धुर जग्गा अतिक्रमण गर्दा माछापालन क्षेत्र घटेर समस्या भएको हो । “हाम्रो थुप्रै जग्गा अतिक्रमणमा परेको छ, अतिक्रमण गरेर अधिकांशले भौतिक संरचना निर्माण गरेका छन्”, कार्यालय प्रमुख सरोजकुमार यादवले भन्नुभयो,“जग्गा अतिक्रमणमा परेकाले माछापालनमा समस्या भएको छ,भने जग्गाको घेरबार गर्न सकेका छैनौं।” जग्गा घेरबार गर्न नसकेर माछापालनका लागि निर्माण गरिएको पोखरीसमेत असुरक्षित भएको उहाँको भनाइ छ।

माछा प्लानको कित्ता नम्बर ९६ को जग्गामध्ये करिब १२ कठ्ठा जग्गा अतिक्रमण गरी स्थानीय विष्णुप्रसाद दङ्गाल, धनबहादुर लामा, सावित्री बज्राचार्य(कुँवर), नवीन श्रेष्ठ, उद्धव चौलागाईं, पदमबहादुर खड्का र प्रेमबहादुर परियारले भवनलगायतका संरचना निर्माण गरेर भोगचलन गर्दै आएको पाइएको कार्यालय प्रमुख यादवले बताउनुभयो ।रासस

# सुन्तलाको बजारीकरणमा सघाउँदै नगरपालिका

गलकोट । सुन्तला गाउँको चिनिएको सिगानामा उत्पादित सुन्तला बागलुङ नगरपालिकाले बजारीकरणमा सघाउन थालेको छ।

उचित मूल्य र पहिचानका लागि सुन्तला ‘ब्राण्डिङ’ गर्न थालिएको हो । यहाँको बागलुङ नगरपालिकाले सिगानाको सुन्तलालाई ब्राण्डिङ गरेर बजारीकरणका लागि सहकारीमार्फत प्याकेजिङको काम थालेको छ । बागलुङ नगरपालिकाले वडा नम्बर ८ सिगानाको गणेश कृषि सहकारीको नाममा ‘सिगानाको रसिलो सुन्तला’ लेखेको कार्टुन उत्पादन गरेर बजारीकरणमा सघाएको हो ।

नगरपालिकाले पहिलो चरणमा दुई हजार दुई सय कार्टुन निर्माण गर्न ५० प्रतिशत अनुदान भइरहेकाले ब्राण्डको आवश्यकता परेको सिगानाका सुन्तला किसानको भनाइ छ । खड्काले कार्टुनको मागअनुसार सहकारीले उत्पादन गर्नसक्ने बताउँदै सिगानाको सुन्तला नगरपालिकाकै पहिचानसँग जोडिएकाले आगामी दिनमा नगरपालिकाले कार्टुन, क्यारेटजस्ता बजारीकरणमा सघाउने खालको अनुदानमा थप कार्यक्रम ल्याउन आवश्यक भएको खड्काको भनाइ छ ।

आयातित वस्तुलाई मायाको चिनोका रूपमा दिनुभन्दा गाउँको उत्पादन दिँदा पहिचान हुने हुँदा यहाँ उत्पादन भएको सुन्तला मायाको चिनोको रूपमा समेत दिन थालिएको छ । यहाँका किसानले वार्षिक रू तीन करोडको सुन्तला बिक्री गर्दै आएका छन् । यहाँ



सुन्तला किसानलाई दिएको छ । गणेश कृषि सहकारीका अध्यक्ष रामबहादुर खड्काका अनुसार सहकारीमार्फत सुन्तलाको ब्राण्ड बनाएर बजारीकरण गर्न थालिएको जानकारी दिनुभयो । उहाँले परीक्षणका लागि यस वर्ष दुई हजार दुई सय कार्टुन ‘सिगानाको रसिलो सुन्तला’ लेखेर बागलुङ नगरपालिकाको लोगो राखेर बजारमा सुन्तला पठाउन थालिएको बताउनुभयो ।


“परीक्षणका लागि ब्राण्डिङको काम थालेका छौँ सिगानाको सुन्तलाको माग धेरै भयो, चर्चा समेत छ तर ब्राण्ड नुहँदा बजारीकरणमा समस्या भयो”, खड्काले भन्नुभयो, “अहिले एउटा कार्टुनलाई किसानले रू ४० मा पाउँछन्, सुन्तला प्याकेजिङ गरेर पठाउँदा कार्टुनको मूल्य सुन्तलामै जोडिन्छ, पहिलो चरणमा नगरपालिका र सहकारी मिलेर रू एक लाखका कार्टुन उत्पादन गरेका हौँ, कोसेलीका रूपमा पठाउँदा, मायाको चिनो प्रदान गर्दा ब्राण्डिङ गरेको कार्टुनमा राखेर पठाउँछौँ ।”

सिगानाको सुन्तला भन्दै अन्यत्रको सुन्तला बजारमा खरिद बिक्री उत्पादन भएको सुन्तला बुटवल, पोखरा र काठमाडौँ निर्यात हुँदै आएको छ ।

वर्षौंदेखि यहाँका किसानले सुन्तला बिक्रीबाटै आम्दानी गर्दै आएकाले यसको प्रचारप्रसारका लागि ब्राण्डिङ गर्न थालिएको बागलुङ नगरपालिकाका नगर उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो । “सिगानको सुन्तला हाम्रो पहिचान हो, यहाँ उत्पादन भएको सुन्तला अन्य ठाउँको भन्दा निकै स्वादिष्ट हुन्छ, धेरै उत्पादन हुने हुँदा किसानले यसबाट आम्दानी गर्दै आएका छन्, अब हामीले सिगानालाई सुन्तलालाई अन्तर्राष्ट्रियरूपमा चिनाउन आवश्यक छ, पहिलो चरणमा कार्टुन बनाइएको छ जुन कार्टुन ५० प्रतिशत छुटमा नगरपालिकाले किसानलाई उपलब्ध गराउन सुरू गरेको छ”, खड्काले भन्नुभयो ।

सिगानालाई सुन्तला अध्ययन केन्द्रका रूपमा समेत विकास गर्ने नगरपालिकाको लक्ष्य रहेको खड्काले बताउनुभयो । यस वर्ष नगरपालिकाले रू पाँच लाख लागतमा सुन्तलाका बिरूवा ५० प्रतिशत अनुदानमा वितरण गरेको छ ।रासस

# सत्तरी लाखको लप्सीका परिकार कारोबार गर्ने लक्ष्य



पर्वत । यस वर्ष फलेका लप्सी टिपेर बिक्री तथा प्रशोधन गर्न कृषकहरूलाई भ्याइनभ्याइ छ । नेपालमै सबैभन्दा बढि लप्सी उत्पादन हुने पर्वत जिल्लाका अधिकांश कृषकहरूले लप्सीका दाना बिक्री गर्दै आएका छन् भने जिल्लाको फलेवास-४ मुडिकुवामा सञ्चालित सामुदायिक खाद्य प्रशोधन उद्योगले लप्सीको प्रशोधन गर्दै आएको छ ।

यो उद्योगले लप्सीबाट माडा, अचार, क्याण्डी, तितौरा, जाम, लप्सी धुलो, पिरो क्याण्डीलगायत परिकार बनाउँदै आएको छ। विगत डेढ दशकदेखि लप्सी प्रशोधन गर्दै आएको उद्योगले यस वर्ष झण्डै रू ७० लाख बराबरको कारोबार गर्ने लक्ष्य राखको छ । उद्योगमा यस वर्ष झण्डै ६० टन लप्सी प्रशोधनको तयारी गरिएको छ।

गाउँगाउँबाट लप्सी सङ्कलन गर्ने र अचार, माडा बनाउने तथा क्यान्डिका लागि गुदी निकालेर राख्ने काम भैरहेको उद्योगका सञ्चालक थानेश्वर भुसालले जानकारी दिनुभयो। पर्वतमा झण्डै

> गाउँगाउँबाट लप्सी सङ्कलन गर्ने र अचार, माडा बनाउने तथा क्यान्डिका लागि गुदी निकालेर राख्ने काम भैरहेको उद्योगका सञ्चालक थानेश्वर भुसालले जानकारी दिनुभयो ।

दुई सय मेट्रिकटन लप्सी उत्पादन हुने भए पनि ३० प्रतिशत मात्र प्रशोधन गर्न सकिएको उहाँको भनाइ छ। बाँकी केही कृषकहरूले बोटबाटै दाना बिक्री गर्दै आएका छन् भने जनशक्तिको अभावले टिप्न नसक्दा बोटमै खेर जाने गरेको भुसालले बताउनुभयो।

जनशक्ति र प्रविधिको अभाव तथा पर्याप्त बजार नहुँदा उत्पादित सबै लप्सी प्रशोधन गर्न नसकिएको सञ्चालक भुसालको भनाइ छ । कोरोना सङ्क्रमणमा अमेरिका, अस्ट्रेलिया, हङकङ लगायतका देशमा समेत निर्यात गरेको भए पनि अहिले भने स्वदेशकै बजारमा निर्भर हुनुपरेको उहाँको भनाइ छ । भुसालले सञ्चालन गरेको उद्योगमा ७ जनाले रोजगारी पाएका छन् । लप्सीसँगै अमला, अदुवालगायत परिवार बनाएर हुने कूल आम्दानीबाट खर्च कटाएर वर्षमा रू १० देखि १२ लाखसम्म बचत हुने गरको उहाँले बताउनुभयो ।

चार वर्ष पहिले उत्पादित लप्सीका दश लाख बराबरका परिकारहरू अमेरिका पठाउनुभएका भुसालले नेपालमा भन्दा पनि बढी विदेशमा माग रहे पनि अहिले पठाउने संयन्त्र नरहेको बताउनुभयो । नेपालीहरूले विदेश फर्किँदा कोशेली र पाहुरको रूपमा लैजाने बाहेक व्यावसायिक हिसाबले उद्योगबाटै होलसेलमा विदेश पठाउन नसकिएको उहाँको भनाइ छ ।

जिल्लाका झण्डै ४० वटा वडामा लप्सीको उत्पादन हुँदै आएको छ। कुनै बेला जङ्गलमा त्यसै झरेर कुहिने लप्सी पछिल्लो समय प्रशोधन गर्न थालेपछि आम्दानीको राम्रो श्रोत बनेको हो । वनपाखामा त्यसै खेर जाने लप्सीबाट आम्दानी गर्न सकिने भएपछि लप्सीको व्यावसायिक खेतीसमेत शुरू भएको छ । सामुदायिक खाद्य प्रशोधन उद्योगले कृषकलाई लप्सी खेतीतर्फ आकर्षित गर्नका लागि निःशुल्क बिरूवा समेत वितरण गर्दै आएको छ।

उद्योगमा लप्सीसँगै अदुवा, अलैची, अमला, बेसार, टिमुर, खुर्सानि लगायतको प्रशोधन समेत हुँदै आएको छ भने पछिल्लो दुई वर्ष यता मकैको सातु उत्पादनबाट समेत लाखौँ रूपैँया आम्दानी गर्ने गरेको सञ्चालक भुसालले बताउनुभयो ।रासस


## Janakpurdham Sub-Metropolitan City

**Office of the Municipal Executive**

**Janakpurdham, Dhanusha**

**Madhesh Province, Nepal**

### Invitation for Electronic Bids

**Date of First publication: 2081-09-23 (7th January, 2025 )**

Janakpurdham Sub-Metropolitan City has allocated funds for Construction of below Mentioned Works. Only electronic bids are accepted. For Further Information and More Details about the bid, Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Estimated Amount Including VAT | Bid Security Amount | Last Date of Bid Submission | Bid Document Fee. |
|---|---|---|---|---|---|
| 01/2081/82/ SQ/WORKS | Additional Work of Ward Office Building, Ward No. 12, Janakpurdham | 11,73,918.72 | 33,000.00 | 2081-10-09, 12:00hrs | 1000.00 |
| 02/2081/82/ NCB/WORKS | Additional Work of Ward Office Building, Ward No. 1, Janakpurdham | 28,74,815.24 | 82,000.00 | 2081-10-24, 12:00hrs | 3000.00 |
| 03/2081/82/ NCB/WORKS | Cleaning and Excavation of Dirghikasar Pond at Ward No. 2, Janakpurdham | 29,95,757.50 | 85,000.00 | 2081-10-24, 12:00hrs | 3000.00 |
| 04/2081/82/ NCB/WORKS | Installation of Hand Pipe With Platform at Different Wards in Janakpurdham | 58,69,995.80 | 1,65,000.00 | 2081-10-24, 12:00hrs | 3000.00 |

**Chief Administrative Officer**

# एजेण्डाको आधारमा मधेशी दलहरु एकजुट हुनुपर्छ

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेशी दलहरु एकजुट हुनुपर्ने आवश्यकता महसुसगर्दै दलहरुले छलफल थालेको बखत तराई मधेश लोकतान्त्रिक पार्टी(तमलोपा) का अध्यक्ष वृशेषचन्द्र लालले एजेण्डाको आधारमा एकता हुनुपर्नेमा जोड दिएका छन् ।



'विगतमा जस्तो सत्तामा पुग्ने भऱ्यांगको रुपमा एकता अथवा मोर्चा बनाउनुको अर्थ छैन्' उनले भने, साझा एजेण्डा बनाए एकताको प्रयास सार्थक हुन सक्छ ।मधेश केन्द्रित दलहरुलाई कमजोर बनाएर संसदमा मधेशीको संख्या कम गर्न ठूला दलहरुले संविधान संशोधनको गृहकार्यमा लागेका छन् ।यस्तो परिस्थितिमा मधेश केन्द्रित दलहरुमा एकता हुन आवश्यक रहेको लालले बताए ।

मधेशको समस्या समाधानका लागि मधेशबाट मधेशी दलका नेताहरु संसदमा निर्णायक संख्यामा पुगेपनि सत्तामोहमा परेर विभाजित भएका थिए ।

दलहरुबीच भइरहेको संवाद र छलफल सकारात्मक रहेको उनले बताए ।'सबै भन्दा महत्वपूर्ण विश्वास र एजेण्डा हो ' उनले भने, विश्वासको खडेरीलाई हटाउँदै नेताहरुले साझा एजेण्डा बनाउन केन्द्रित हुनुपर्छ ।

टुक्राटुक्रा भएका मधेशी दलहरुले मधेशको मुद्दालाई संबोधन गराउन सम्भव नभएको महसुस गरेर नै एकताका लागि प्रयास थालेकाले परिणामुखी हुने लालको विश्वास छ ।

मधेश केन्द्रित दलहरुलाई एकताबद्ध गर्न ह्रदयेश त्रिपाठीको नेतृत्वको दलले अन्य दलहरुसित संवाद र छलफललाई निरन्तरता दिएको छ ।जनता समाजवादी पार्टी(जसपा)नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)नेपाल, जनमत पार्टी, जनता समाजवादी पार्टी(जसपा) लगायतका दलहरुले वार्ता समिति पनि बनाएका छन् ।

मधेशी दलहरुबीचको एकता असंभव नभए पनि सहज समेत नरहेको नेताहरु बताउँछन् ।विगतमा धोका खाएका कयौं नेताहरुबीच विश्वासको संकट रहेकाले अपेक्षा गरिए अनुरुपको प्रगति चाँडै हुनेमा धेरैको विश्वास छैन् ।तर छलफल र संवादमा सबै दल जोडिन चाहेको छ ।

# अनिश्चितकालीन धर्ना र पेन डाउन

**टुडे समाचारदाता**

बारा । जीतपुरसिमरा उपमहानगरपालिकाका कर्मचारीहरु आफ्नो स्तर तथा तह वृद्धि गर्न ढिलासुस्ती भएको भन्दै पेन डाउन गरी अनिश्चितकालीन धर्नामा बसेका छन्। मधेश प्रदेशले राजपत्रमा प्रकाशित गरी २०८१ साल भदौ ७ गते प्रदेशभरिका स्थानीय तहका निम्ति स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन-२०८१ जारी गरेको थियो। उक्त ऐनको दफा २९ उपदफा १ बमोजिम योग्यता पुगेका कर्मचारीहरुलाई स्थानीय तहले निर्णय गरी एक तह वृद्धि गर्ने प्रावधान रहेको भए पनि जीतपुरसिमरा उपमहानगरपालिकाकी प्रमुख प्रशासकीय अधिकृत उर्मिला काफ्लेले तह वृद्धि सम्बन्धी नीति नियम बनाउन ढिलासुस्ती गर्ने गरेको र कर्मचारीहरुलाई धम्कीपूर्ण व्यवहार गरेपछि आफूहरु हेपिएको महसुस गरी त्यहाँका कर्मचारीहरु पेन डाउन गरी धर्नामा बस्न बाध्य भएको जनाइएको छ। उन्नतीस जना सहायक पाँचौ र एक जना अधिकृत नवौं तहका गरी तीस जना कर्मचारीहरुले नगर प्रमुख र उप-प्रमुख समक्ष ज्ञापन पत्र बुझाएर २०८१ पुष १९ गते शुक्रबारदेखि धर्ना कार्यक्रम सुरु गरेका थिए।




प्रदेशको ऐन अनुसार हरेक वर्षको पुष र असार महिनामा स्थानीय तहले एक महिना अगाडि सूचना निकाली आफ्ना कर्मचारीको तह वृद्धि गर्ने प्रावधान रहेको छ । सोही बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाले गत कार्तिक तीस गते तह वृद्धिका लागि आवेदन माग गरी सार्वजनिक सूचना आफ्नो वेभसाईटमा प्रकाशित गरिसकेको थियो। उक्त सूचना अनुसार आफूहरुले नगरपालिकामा आवेदन दिएको तर पुष महिना बित्न लाग्दासमेत आफूहरुको तहवृद्धि सम्बन्धी कुनै चासो पालिकाले नदेखाएको गुनासो कर्मचारीहरुको रहेको छ। प्रदेशका अधिकांश पालिकाले कर्मचारीहरुको तह वृद्धि गर्दा जीतपुरसिमराले हालसम्म पनि सो सम्बन्धी आवश्यक नीति निर्माण गर्न सकेको छैन जसका कारण त्यहाँका कर्मचारीहरु प्रदेशका अन्य पालिकाका समान तह र योग्यताका कर्मचारीभन्दा पछि पर्नुपरेको हुँदा पालिकाले आफ्नो वृत्ति विकासमा पालिकाले ठूलै प्रहार गरेको भनाई आन्दोलनरत एक कर्मचारीको छ।

धर्नाले सेवाग्राहीहरु समेत मर्कामा परेको भन्दै धर्नारत कर्मचारीहरुले माग यथासिघ्र सम्बोधन गरी कार्यक्षेत्रमा फर्किने वातावरण मिलाईदिनुहुन नगर प्रमुख र उप-प्रमुखलाई बुझाएको ज्ञापन पत्रमा उल्लेख गरेका छन्।

ऐन कानुन भन्दा माथि कोही नरहेको र यसरी ऐनले गरेको व्यवस्थालाई गर्दिन भन्न कसैले पनि नपाउने हुँदा आफ्नो व्यक्तिगत सन्तुष्टिका लागि कर्मचारीको वृत्ति विकासमा हस्तक्षेप गर्न नहुने कानुनका जानकारहरु बताउँछन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयदेखि यहि बैशाख १८ गते जीतपुर सिमराको प्रमुख प्रशासकीय अधिकृत भएर आएकी उर्मिला काफ्ले जीतपुर सिमराकी हालसम्मकै विवादित हाकिम बनेकी छन्। यसै बिच संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले साउन ३ गते काफ्लेलाई मन्त्रालयकै अतिरिक्त समूहमा रहने गरी सरुवा गरेको थियो तर काफ्ले आफ्नै मन्त्रालय विरुद्ध सर्वोच्च पुगिन्। सर्वोच्चले काफ्लेको रिट निवेदन खारेज गरेर पुन मंसिर १६ गते अछामको पञ्चदेवल विनायक नगरपालिका कामकाजका लागि खटाएको थियो । मन्त्रालयले जीतपुरसिमरादेखि पञ्चदेवल विनायकमा छिटो हाजिर हुन जानु भनि पुन पत्र पठाए पनि काफ्ले जीतपुरसिमरादेखि गएकी छैनन् ।

# १ सय २० जना मजदुर भारतमा ८ महिनादेखि बन्धक

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालका दलित मुसहर समुदायका सयौं मजदुरलाई भारतको श्रीनगरमा आठ महिना बन्धक बनाएर काम लगाई ज्यालाविना घर फर्काइएको छ ।

सिरहाको गोलबजार नगरपालिका वडा नम्बर २ र ३ का १२० जना मुसहर समुदायका मजदुरलाई भारतको श्रीनगर पुऱ्याएर बन्धक बनाएर बाध्यात्मक अवस्थामा काम गराइएको छ । उनीहरुको मोबाइलसमेत खोसेर घर परिवारसँग सम्पर्कविहीन बनाइएको थियो । खाना र ज्याला माग्दा उल्टै कुटपिट र यातना दिने गरेको ती मुसहर मजदुरको आरोप छ । ८ महिनापछि प्रति व्यक्ति दुई हजारको दरले गाडी भाडा दिएर घर फर्काइएको उनीहरु बताउँछन् ।



गत कार्तिकमा घर आइपुगेका मुसहर मजदुरहरु हाडछाला मात्र लिएर रित्तै हात घर आएका थिए । घर फर्केका अधिकांश मजदुरहरु बिरामी परेर थला परेको अवस्थामा आइपुगेका थिए । दुई महिनाको उपचारपछि बल्ल स्वस्थ्य हुने क्रम जारी छ । अहिले मुसहर मजदुरहरुले न्याय माग्दै वडा कार्यालय, नगरपालिका र इलाका प्रहरी कार्यालय गोलबजारमा निवेदन दिएका छन् । मुसहर मजदुरले गाउँमा फर्केर सामाजिक छलफल राखेर हरिचन सदासँग ज्याला पनि मागेका थिए । उनले १५ हजार रुपैयाँ महिनाका दरले ज्याला उपलब्ध गराउने समाजमा प्रतिवद्धता जनाए । तर, तोकिएको भाकामा ज्याला नदिएपछि पीडित मजदुरहरु अहिले ज्याला मागसहित मानव बेचविखनमा उजुरी दिएका छन् । त्यसपछि हरिचन सदा र उनका सम्धी भने फरार छन् ।

२०८० चैत महिनातर्फ सिरहाको गोलबजार नगरपालिका- ३ का हरिचन सदा र नातामा उनको सम्धी पर्ने अर्का एक जनाले अपरिचित व्यक्ति गरी थप दुईजना व्यक्तिहरु लिएर गाउँमा आएका थिए । दिल्ली धमला र अर्का एक नाम नखुलेको भारतीय ठेकेदार थिए ।

चार जनाले गोलबजार वडा नं. ३ स्थित भांगारी र वडा नं. २ स्थित नवटोली गाउँका मुसहर समुदायलाई जम्मा गरेर बैठक गरेका थिए । दैनिक ज्याला दैनिक ११ सय रुपैयाँ उपलब्ध गराउने लोभ दिएका थिए । भवन निर्माण कार्यका लागि आकर्षक ज्याला दिने भनेपछि दुई गाउँका एक सय २० जना दलित मुसहर समुदायका मजदुरहरु भारतको श्रीनगर गएका थिए ।

पीडित विनोदकुमार सदाले रक्सी र मासु पनि खुवाएको सम्झे । चार हजार रुपैयाँ गरी जनही पेश्की पनि दिएका थिए । गाउँकै हरिचन सदा र उनका सम्धी जमानीमा बसे । गाउँकै हरिचनले जनही मासिक ३३ हजार रुपैयाँ ज्याला महिना पुग्नासाथ दिने भनेर ग्यारेण्टी लिएपछि श्रीनगर जान तयार भएको बताए । लौकहा नाकाबाट रेल चढाएर उनीहरुलाई श्रीनगर पुऱ्याइएको थियो ।

# बच्चा जन्माएकी किशोरीको विचल्ली

**टुडे समाचारदाता**

राजविराज । विवाह अगावै बच्चा जन्माएकी सप्तरीको छिन्नमस्ता गाउँपालिका ७ हाटीकी १५ वर्षीया किशोरी विच्चलीमा परेकी छन ।



छिमेकी एक युवासंग प्रेममा परेकी नाम परिवर्तन गरिएको मण्डल गर्भवती भएपछि प्रेमी नै फरार भएका कारण विचल्लीमा परेकी हुन । विहेको प्रलोभन देखाई छिमेकी २२ वर्षिय प्रमोद कुमार मण्डलले पटक/पटक शारीरिक सम्बन्ध कायम गरी गर्भवती बनाएर फरार भएपछि उनी न्याय खोज्दै बुवा आमा सहित सदरमुकाम राजविराज आईपुगेका हुन ।

एक वर्ष पुरानो घटनाको जिल्लामा कतै कुनै सुनुवाई नभएपछि न्याय खोज्दै राजविराज आईपुगेका मण्डल परिवारले पत्रकार सम्मेलनको आयोजना गरी संवैसँग न्यायको अपिल गरेका छन् ।

गर्भ नफालेकी मण्डललाई अब बच्चालाई कसरी हुर्काउने भन्ने चिन्ताले थप पीडा दिएको छ । उनले स्थानीय प्रमोदले आफुलाई गर्भवती बनाएर फरार भएको बताएकी छन् ।

सुरुमा विहे गर्छु भन्दै शारीरिक सम्बन्ध बनाएको तर पछि गएर गर्भ वसेपछि प्रमोद अचानक सम्पर्क विहीन भएको उनको भनाई छ । घटना सार्वजनिक भएपछि गाउँमा पटक/पटक समाजका अगुवाले दबाब बनाएर फरार केटाका आमा बुआलाई घरमा राख्न लगाएको तर १५ दिन नबित्दै छोरीलाई घर निकाला गरिदिएको पत्रकार सम्मेलनमा आमा शियावतीले बताइन् । बुवा जगतका अनुसार सुरुमा प्रमोदलाई बाहिर पठाई लुकाइएको र त्यसपछि उनका परिवारले छोरीलाई ३/४ लाख रुपैया दिने सम्मको प्रलोभन दिदै गर्भ फाल्न दबाब दिने प्रयास गरेको बताए ।

तर छोरीले विवाह गर्ने बाचा गरेका कारण गर्भ नफाल्ने र प्रमोद संगै विहे गर्ने अडान राखेका कारण घर निकालामा परेको बुवा जगतले सुनाए ।

मण्डलको घरमा कमाउने कोही छैन । गरिब परिवारकी मण्डल प्रमोद कै घरमा भाडावर्तन माझ्ने (नोकरानी) को काम गर्थिन । सोही वेला प्रमोदले विहेको प्रलोभन देखाई पटक पटक शारीरिक सम्बन्ध कायम गरेको पीडितले सुनाईन । प्रेमको नाममा धोखा दिने प्रमोद माथि उनी छिन्नमस्ता प्रहरी चौकी र जिल्ला प्रहरी कार्यालयमा २०८० माघ ३ गते जाहेरी समेत दिइसकेकी छन् । तर प्रहरीले अहिले सम्म प्रमोदलाई पक्राउ गर्न सकेका छैन । स्थानीयका अनुसार प्रमोद लामो समय देखि गाउमा देखिएका छैनन् । पीडित मण्डल तथा उनका आमा बुवाले प्रमोदलाई पक्राउ गरेर कारवाही गर्नु भन्दा पनि उनी संगै सुरक्षित साथ श्रीमान श्रीमतीको रुपमा वस्ने वातावरण बनाई दिनु पर्ने माग गरेका छन् ।

पत्रकार सम्मेलनमा मण्डलकी बृद्ध आमा बुवाले छोरीले न्याय न पाए पुरै परिवार आत्मदाह गर्न बाध्य हुने जनाएका छन् । यसबारे प्रमोद र उनका परिवार संग सम्पर्कको प्रयास गर्दा प्रमोदको स्विच अफ पाइयो भने परिवारजन सम्पर्कमा आउन चाहेनन ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले पीडित मण्डललाई गर्भवती बनाएर फरार रहेका प्रमोद उपर २०८० साल मै जबरजस्ती करणी मुद्दा दर्ता गरी कारवाही प्रकृया अघि बढाएको बताए ।

फरार प्रतिवादी सूचीमा रहेका प्रमोदको खोजी कार्य जारी छ, उनले भने-पीडितलाई न्याय दिलाउन प्रमोदको खोज तलास कार्य ब्यापक बनाइएको छ ।

# अख्तियारको अन्तरक्रिया सम्पन्न

**टुडे समाचारदाता**

राजविराज। अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्षेत्रीय कार्यालय इटहरीद्वारा सोमबार सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

स्थानीय तहमा खरीद र भुक्तानी तथा विभिन्न विकास निर्माणका कार्यमा अनियमितताका उजुरी बढ्न थालेपछि आयोगले यस्तो कार्यक्रम मार्फत सचेतनामूलक कार्यक्रम गरेको छ।

"स्थानिय तहमा खरीद र भुक्तानीमा विधि सम्मत प्रक्रिया नअपनाउँदा बेथिति र उजुरी मात्रै बढेको छैन, कार्यक्रममा आयोगका सिनियर डिभिजनल इन्जिनियर धिर फडेराले भने, "यसको प्राथमिकता के हो भन्ने प्रश्न पनि उठेको छ।"

अख्तियारमा सबै भन्दा बढी स्थानीय तहको नै उजुरी आउने गरेकाले सचेतनाका लागि पनि यस्तो कार्यक्रम ल्याइएको उनले बताए।

कार्यक्रममा आयोगका शाखा अधिकृत रमेश सिङ्देनले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि अपनाउनु पर्ने विधि बारे जानकारी गराएका थिए।

अख्तियारमा उजुरी परे पनि विश्वसनीयताको आधार फेला नपरेसम्म कारवाहीको प्रक्रिया अघि नबढ्ने उनको भनाई छ। उनले आयोगको कार्य क्षेत्र रहेको जिल्ला मध्ये चालु आ.ब.मा सब भन्दा बढी सप्तरीबाट ८ सय ४७ उजुरी परेको र त्यसमध्ये ६ सय ९४ फछ्र्योट भइसकेको जानकारी समेत दिए।

गाउँपालिकाका अध्यक्ष अरुण मण्डलले अख्तियारद्वारा समय समयमा विभिन्न विषयलाई लिएर हुने गरेको पत्राचार र त्यसको जवाफ तयार पार्दापार्दै अन्य सेवा प्रवाहमा समस्या हुने गरेको दुखेसो गरे। "एकातिर कर्मचारीको अभाव छ, अर्कोतिर अख्तियारले सोधेको र खोजेको विषयमा जवाफ दिन सबै कर्मचारी परिचालन हुँदा सेवाग्राही पनि समस्यामा पर्ने गरेका छन्, उनले भने, "यस तर्फ पनि अख्तियारको ध्यान पुग्नु जरुरी छ।"

उनले कतिपय व्यक्ति अख्तियारलाई राजनीतिक प्रतिशोधको रुपमा पनि प्रयोग गर्ने गरेको भन्दै यसतर्फ पनि आयोगको ध्यानाकर्षण हुनु जरुरी रहेको बताए।

कार्यक्रममा तिलाठी कोइलाडी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार कर्ण, समाजसेवी शम्भुलाल देवका साथै वडाअध्यक्ष, शिक्षक, विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय र संघसंस्थाका प्रतिनिधिहरुले भ्रष्टाचार नियन्त्रण तथा सुशासनको विषयमा आ-आफ्नो धारणा राखेका थिए।

# रकम दोब्बरका नाममा ठगी गर्ने हनुमानी सार्वजनिक




**टुडे समाचारदाता**

राजविराज। सर्वसाधारणसँग रकम दोब्बर पारिदिने भन्दै रकम लिएर ठगी धन्दा चलाएको आरोपमा पक्राउ परेका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ का हनुमानी भन्ने रामबहादुर रजकलाई प्रहरीले सोमबार पत्रकार सम्मेलनको आयोजना गरी सार्वजनिक गरेको छ।

अघिल्लो दिन गाउँबाटै पक्राउ परेका रजकमाथि सर्वसाधारणसँग पैसा दोब्बर पारिदिने भन्दै लाखौं रकम ठगी गरेको आरोप छ।

उनीमाथि ठगी तथा अपराधिक विश्वासघात कसुरमा मुद्दा चलाउने तयारी भएको पत्रकार सम्मेलनमा प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए।

सप्तरी जिल्ला अदालतबाट पुस ७ गते पक्राउ गर्न अनुमति लिइ खोजतलासको क्रममा अघिल्लो दिन आइतबार साँझ बभनगामा टोलस्थित सडक खण्डबाट उनलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक खतिवडाले जानकारी दिए।

रजकलाई सप्तरी जिल्ला अदालतले ठगी तथा अपराधिक विश्वासघात कसुर मुद्दामा पाँच दिन हिरासतमा राखी अनुसन्धान गर्न प्रहरीलाई अनुमति प्रदान गरेको छ। रजक लामो समयदेखि सप्तरीमा रकम दोब्बर पारिदिने भन्दै एजेन्टहरु मार्फत यस्तो ठगी धन्दा चलाउँदै आएको प्रहरीको भनाइ छ।

पीडित मध्येका हरिनारायण यादव समेतको जाहेरीले बादी नेपाल सरकार रहेको मुद्दामा प्रतिवादी रहेका रजक पक्राउ परेको तथा सो ठगी धन्दामा संलग्न रहेका अन्य व्यक्तिहरु बारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक जितेन्द्र कुमार बस्नेतले रजकबाट ठगीमा परेका अन्य पीडितहरुलाई समेत लिखित उजुरीसहित सम्पर्कमा आउन अनुरोध गरेका थिए।

# वडाअध्यक्षसहित दुई जना कारागार चलान

**टुडे समाचारदाता**

राजविराज। डाक्नेश्वरी नगरपालिका १ का नवनिर्वाचित वडाअध्यक्ष धीरेन्द्रकुमार साह पुर्पक्षका लागि कारागार चलान भएका छन् ।



थुनछेक बहस सकिएपछि सोमबार सप्तरी जिल्ला अदालतको आदेशमा उनी कारागार चलान भएका हुन् । उनीसँगै सोही वडाका राजनारायण साह पनि पुर्पक्षका लागि कारागार चलान भएका छन् ।

न्यायाधीश दीपक धितालको एकल इजलासले उनीसहित दुई जनालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएका छन् ।

नवनिर्वाचित वडाअध्यक्ष तथा राजनारायण साहसहित ६ जनाविरुद्ध दुई वटा मुद्दा दर्ता भएको थियो । उनीहरूविरुद्ध जर्वजस्तीकरणी गरी कर्तव्य ज्यान गरेको र अपहरण गरी व्यक्ति बेपत्ता गरेको कसुर सम्बन्धी दुई वटा मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ ।

नवनिर्वाचित वडा अध्यक्ष साह गत २० मंसिरमा पदभार ग्रहण कार्यक्रममा सरिक हुन गएका बेला पक्राउ परेका थिए । साहसहितको समूहले सोही वडाका सन्तोषी कुमारी साहलाई बलात्कार गरी हत्या गरेको आरोप छ । आफ्नी दिदीलाई बलात्कार गरी हत्या गरेको देखेपछि उनका भाइ १३ वर्षका नितिशकुमार साहलाई अपहरण गरी बेपत्ता पारेको आरोप पनि उनीहरुमाथि छ ।

२०७९ फागुन महिनामा डाक्नेश्वरी नगरपालिका १ माधोपुर टोलस्थित आँपको बगैँचाबाट मुखमा रुमाल कोचेर नितिशलाई अपहरण गरी लगेको आरोप उनीहरुमाथि छ । नितिश अझैसम्म भेटाउन सकेका छैनन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८